# पहिलो खण्ड

## १. सिर्जनात्मक पत्रको शीर्षक

प्रस्तुत सिर्जनात्मक पत्रको शीर्षक **सन्निपात** नामक लघुकथासङ्ग्रह रहेको छ ।

## २. सिर्जनात्मक पत्रको प्रयोजन

प्रस्तुत सिर्जनात्मक पत्रको प्रयोजन स्नातकोत्तर द्वितीय वर्षको दसौँ पत्रको विभिन्न ऐच्छिक पत्रहरूमध्ये एक शैक्षिक पत्रको आवश्यकता परिपूर्ति गर्नु रहेको छ ।


## ३. सिर्जनात्मक पत्रको उद्देश्य


प्रस्तुत सिर्जनात्मक पत्रको उद्देश्य मेरो लेखनीलाई अझ परिष्कृत र परिमार्जित तुल्याउँदै नेपाली लघुकथाको क्षेत्रमा एउटा स्तरीय लघुकथासङ्ग्रह तयार गर्नु रहेको छ ।

## ४. लघुकथाको परिचय

लघुकथा भन्नासाथ छोटो, सानो र सङ्क्षिप्त आयाम भएको कथा बुझिन्छ । "नेपालीमा अङ्ग्रेजी शब्द Short Story को समानार्थी 'कथा' र Mini Story को समानार्थी 'लघुकथा' शब्दको प्रयोग भएको पाइन्छ । शब्द रूपान्तरणका दृष्टिले Short Story का लागि लघुकथा र Mini Story का लागि लघुत्तम कथाको प्रयोग हुनु पर्ने हो । तर हालको प्रचलनलाई नै स्वीकार गरेर यसमा Short Story लाई 'कथा' र Mini Story लाई 'लघुकथा' भनिएको छ ।"[१]

साहित्यका प्रमुख चार विधाहरू (कविता, आख्यान, नाटक र निबन्ध) मध्ये लघुकथा आख्यान विधा अन्तर्गत पर्दछ । आख्यानमा लघुकथाको स्थान वा उपस्थितिलाई निम्न दुई किसिमले देखाउन सकिन्छ[२]:-




---

[१] मोहनराज शर्मा, "लघुकथा: लघुत्तम आख्यान" **मधुपर्क**, (वर्ष-३२, अङ्क-४, २०५६ भदौ) पृष्ठ-२५ ।

[२] ऐजन ।

पहिलो आरेख अनुसार लघुकथा सीधै आख्यान विधाको एक स्वतन्त्र भेदका रूपमा देखा पर्छ भने दोस्रो अनुसार लघुकथा उपन्याससँग केही टाढा र कथासँग केही निकट आख्यानको एक भेदको रूपमा देखा पर्दछ । यी दुवै आरेखबाट के कुरा प्रस्ट हुन्छ भने लघुकथा निर्विकल्प रूपमा आख्यान विधाको एक स्वतन्त्र उपविधा हो ।

## ५. लघुकथाको परिभाषा

साहित्यका अन्य विधाहरूका झैँ लघुकथाको पनि शाश्वत र मानक परिभाषा यही हो भनेर किटान गरी भन्न सकिने अवस्था छैन । त्यसैले विभिन्न समयमा विभिन्न व्यक्तिहरूले दिएका यी परिभाषाहरूबाट नै लघुकथाको चिनारी खोज्नु उपयुक्त हुन्छ ।

“आधुनिक कथा तत्त्वले पूर्ण भएको स-साना कथा छोटा कथा”[३]

“आकारगत लघुतामात्र लघुकथाको तात्विक पहिचान होइन, मुख्य कुरो त यसमा क्षणभर मै बिचार र भावको विस्फोट हुन सक्ने अणु सामर्थ्य हुनुपर्दछ ।”[४]

“न्यूनतम आख्यान भएको लघुगद्य संरचना लघुकथा हो । यसको प्रस्तुति तीब्र र अजटिल हुने हुँदा यो अति पठनीय हुन्छ ।”[५]

“लघुकथा नेपाली साहित्यको सन्दर्भमा प्रयुक्त कथा विधाको एक प्रविधा हो ।”[६]

“लघुकथाको संरचना छोटो र स्वयम्मा पूर्ण हुन्छ ।”[७]

“लघुकथा गद्य विधाको त्यो कथात्मक विधा हो, जुन आकारमा सीमित भएर पनि प्रस्तुति र अभिव्यक्तिका रूपमा सम्भवतः सर्वाधिक संश्लिष्ट माध्यमले सक्षम छ, जुन छोटो भैकन पनि चोटिलो र छरितो हुने गर्छ ।”[८]

“लघुकथा कुशल फोटोग्राफरले खिचेको विशाल र सुन्दर दृश्यको सानो फोटो हो ।”[९]

---

[३] नेपाली वृहत् शब्द कोष ।

[४] दयाराम श्रेष्ठ, “नेपाली लघुकथाको ऐतिहासिक पृष्ठभूमि तथा स्वरूप”, **मधुपर्क**, (वर्ष-३२, अङ्क-४, २०५६ भदौ) पृष्ठ-१३ ।

[५] मोहनराज शर्मा, पूर्ववत् ।

[६] राजेन्द्र सुवेदी, “लघुकथाको परिचय, विकास र वर्तमान परिप्रेक्ष्यमा लघुकथाको महत्त्व”, **श्रृङ्खला**, (वर्ष-३२, अङ्क-१, २०६६ वैशाख) ।

[७] लक्ष्मण प्र. गौतम, “लघुकथाको स्वरूप, संरचना र तत्त्व” **मधुपर्क** (वर्ष-३२, अङ्क-४, २०५६ भदौ) पृष्ठ-६१ ।

[८] रोशन थापा ‘नीरव’, “लघुकथाको सैद्धान्तिक पक्ष र चालिसको दशकको लघुकथा”, **मधुपर्क**, (वर्ष-३१, अङ्क-४, २०५६ भदौ) पृष्ठ-८६ ।

“सरल सङ्क्षिप्त, सुरूचिपूर्ण प्रहारक, सम्प्रेषक तथा अन्त्योत्कर्षयुक्त कथात्मक अभिव्यक्तिलाई लघुकथा भनिन्छ ।”[१०]

“लघुकथा कथाको सङ्क्षेपीकृत रूप होइन ।”[११]

माथि उल्लेख गरिएका परिभाषाहरूबाट के भन्न सकिन्छ भने छोटो समयमा, थोरै शब्दमा, सरल, सहज र प्रभावकारी किसिमले संयोजन गरी लेखिने पूर्ण अभिव्यक्तिपरक लघु गद्यसंरचना नै लघुकथा हो ।

## ६. लघुकथाको स्वरूप

लघुकथाको स्वरूप भनेको झ्वाट्ट हेर्दा देखिने एउटा आकार वा आकृति हो, जसमा आख्यानको तीव्र र तीव्रतम् अभिव्यक्ति हुन्छ ।[१२] जसरी उपन्यासको सङ्क्षिप्त रूप कथा होइन, त्यसै गरी कथाको सङ्क्षिप्त रूप लघुकथा होइन ।[१३] अतः लघुकथालाई हरेक दृष्टिले जिरे खुर्सानीको संज्ञा दिनु उपयुक्त हुन्छ, किनभने अन्य ठूला खाले खुर्सानीलाई ताछतुछ पारेर जिरे खुर्सानी बनाउन नसकिए झैं कथालाई ताछतुछ पारेर लघुकथा बनाउन सकिंदैन । आकारगत सूक्ष्म भए पनि लघुकथाको जिरे खुर्सानीको झैँ आफ्नै स्वतन्त्र अस्तित्व र छुट्टै पहिचान छ । त्यस्तै लघुकथाको प्रभाव र असर पनि जिरे खुर्सानीको झैँ चोटिलो र प्रभावकारी हुन्छ ।

सङ्क्षेपमा लघुकथाको स्वरूपलाई निम्न किसिमले देखाउन सकिन्छः-

क. लघुकथा छोटो वा सङ्क्षिप्त आकारको हुन्छ ।

ख. लघुकथाको बुनोट छरितो र कसिलो हुन्छ ।

ग. लघुकथाको घटना तीव्र र रोचक हुन्छ ।

घ. लघुकथाका उत्तरोत्तर पछिल्ला वाक्य वा पंक्तिहरू उत्कर्ष हुँदै जान्छन् ।

ङ. लघुकथाले अन्त्यमा पाठकलाई तीव्र झट्का दिन्छ ।

---

[९] श्रीओम श्रेष्ठ ‘रोदन’, “लघुकथा र यसका प्रकाशन”, **मधुपर्क**, (वर्ष-३२, अं-४, २०५६ भदौ), पृष्ठ-११० ।

[१०] रवीन्द्र समीर, **पोस्टमार्टम**, (काठमाडौं, दीपा पाण्डे, २०६२)

[११] गोविन्द गिरी ‘प्रेरणा’, “लघुकथाको बनोट र नेपाली लघुकथा”, **मधुपर्क**, (वर्ष-३२, अङ्क-४, २०५६ भदौ), पृष्ठ-७१ ।

[१२] लक्ष्मणप्रसाद गौतम, पूर्ववत् ।

[१३] शिव रेग्मी, “नेपाली लघुकथाको प्रयोगवादी सङ्ग्रह-कसिङ्गर”, मधुपर्क, (वर्ष-३२, अङ्क-४, २०५६ भदौ) पृष्ठ-५६ ।

च.	लघुकथाको प्रभाव वा असर सुरूमा सूक्ष्म लागे पनि मनन गर्दै जाँदा झन्-झन् गहन लाग्दै जान्छ ।

## ७.	लघुकथाको विशेषता

लघुकथालाई चिनाउने यसका आफ्नै निजात्मक विशेषताहरू रहेका छन् । "छोटो भएर लामो अनुभूति दिलाउनु, सूत्रात्मक भएर विवरणात्मक हुनु र जीवनको अंश भएर पूर्णताको आभास गराउनु नै लघुकथाको मुख्य विशेषता हो ।"[१४] अर्थात मोटा पुस्तकले घण्टौं लगाएर बुझाउन नसकेका कतिपय मान्यता र सीमालाई लघुकथाले एक मिनेटमै सहज रूपमा स्पष्ट पार्न सक्छ ।[१५]

लघुकथाका विशेषताहरूलाई निम्नानुसार बुँदाहरूमा देखाउन सकिन्छः-

क.	सङ्क्षिप्त तर पूर्ण

ख.	परिपुष्ट र सुगठित योजना

ग.	तीक्ष्ण र तीव्र अभिव्यक्ति

घ.	प्रतीकात्मक

ङ.	विम्वात्मक

च.	कुतूहलतापूर्ण

छ.	सूत्रात्मक

## ८.	लघुकथाका संरचक तत्त्वहरू

लघुकथा निर्मितिका निम्ति आवश्यक पर्ने अवयवहरू नै लघुकथाका संरचक तत्त्वहरू हुन् । लघुकथा आख्यान विधाको एक उपविधा भएकोले सामान्यतया आख्यानका तत्त्वहरू नै लघुकथाका संरचक तत्त्व बनेर आउने गर्दछन् ।

---

[१४] श्रीओम श्रेष्ठ 'रोदन', **आणविक अस्त्र**, (काठमाडौं, विवेक सिर्जनशील प्रकाशन, २०६४) ।

[१५] कृष्ण शाह 'यात्री', ऐजन ।

क.	कथावस्तु (विषय/घटना)

केका बारेमा लघुकथा लेखिदैँछ ? त्यो नै लघुकथाको विषय वा घटना हो । विश्रृङ्खलित घटनाहरूलाई श्रृङ्खलाबद्ध संयोजन गरी आरम्भ, उत्कर्ष र निष्कर्षको रैखिक ढाँचामा कथावस्तुको गति तीव्र अघि बढाउनु नै लघुकथाको मूल उद्देश्य हो ।[१६] लघुकथाका कथावस्तु स्थूल वा सूक्ष्म भएर पनि आफैमा पूर्ण हुन्छ ।

ख.	पात्र

पात्र लघुकथाको महत्त्वपूर्ण तत्त्व हो । विषयवस्तु वा कथानकलाई जीवन्त पार्ने र मूर्तरूप प्रदान गर्ने कार्य पात्रले गर्दछ । लघुकथामा सीमित वा न्यून पात्रको अपेक्षा गरिन्छ ।

ग.	परिवेश

आख्यानमा परिवेश भन्नाले कथामा वर्णित देश, काल वा पर्यावरणलाई बुझाउँछ । लघुकथाको परिवेश सूक्ष्म, सीमित र सङ्क्षिप्त किसिमको हुन्छ ।

घ.	भाषा/शैली

साहित्यका अन्य विधाको झैँ लघुकथाको अभिव्यक्तिको माध्यम भाषा नै हो । सरल, सरस, सटीक र सम्प्रेष्य भाषामा निर्मित हुने लघुकथामा लेखकले आफ्नो खुबी या लक्ष्य अनुरूपको शैली प्रयोग गर्दछ ।

ङ.	दृष्टिबिन्दु

आख्यानमा पात्रहरूले भोगेको अवस्था वा घट्नाको व्याख्या गर्न आख्यानकारले रोजेको स्थान वा कोण नै दृष्टिबिन्दु हो । उपन्यास र कथामा झैँ लघुकथामा पनि प्रथम पुरूष र तृतीय पुरूष दृष्टिबिन्दु हुन्छ ।

च.	उद्देश्य

अन्य साहित्यिक विधाको झैँ लघुकथाको पनि उद्देश्य हुन्छ । विशेष गरी समसामयिक, सामाजिक, राजनैतिक, आर्थिक, धार्मिक, सांस्कृतिक विकृति विसङ्गति र बेथितिप्रति तीखो व्यङ्ग्य प्रहार गरी सत्यको उद्घाटन गर्दै शिक्षा, आनन्द, मनोञ्जन इत्यादि प्रदान गर्नु नै लघुकथाको उद्देश्य हुन्छ ।

---

[१६] राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखनः सिद्धान्त र विश्लेषण**, (काठमाडौं, पाठ्यसामग्री पसल, २०५७) ।

## ९. लघुकथाको उद्भव

पृथक् आयाम, संरचना (स्वरूप) र मौलिक पहिचान लिएर विकसित भएको लघुकथाको उत्पत्ति वा उद्भव प्रक्रिया सम्बन्धी दुईवटा अवधारणा रहेका छन् :- परम्परागत र आधुनिक ।[१७]

### क. परम्परागत अवधारणा

परम्परागत अवधारणा अनुसार लघुकथाको उद्भव भूमि मौखिक साहित्यिक परम्परा अर्थात् लोकसाहित्यिक परम्परा नै मानिन्छ ।

"लघुकथाको प्रारम्भ पूर्वमा वेद, उपनिषद्का ऋचाहरूको मन्त्र, सूत्रहरू आदिबाट भएको मानिन्छ भने पाश्चात्य जगत्मा बाइबलका सूत्रात्मक कथाहरू तथा ईशपका नीति कथाहरूबाट भएको मानिन्छ ।"[१८]

तसर्थ, पूर्वमा लोक खिस्सा, उखान, गाउँखाने कथा, पञ्चतन्त्रका नीतिकथा र पश्चिममा ग्रिसेली, रोमेली र बाइबलमा प्रयुक्त छोटा कथा आदि कै विकसित आधुनिक रूप नै आधुनिक लघुकथाको बीज हो भन्ने परम्परागत अवधारणा रहेको छ । "उर्दू तथा फारसी साहित्यमा प्रख्यात खलिल जिब्रानका लघुकथाहरू त आधुनिक लघुकथाका सूत्रधार नै मानिन्छन् ।"[१९]

### ख. आधुनिक अवधारणा

यस अवधाकरणा अनुसार पाश्चात्य साहित्यमा आधुनिक कथा विधाको सैद्धान्तिक स्वरूपको प्रतिपादन सँगसँगै लघुकथाको पनि आविर्भाव १९ औं शताब्दीको शुरूवाततिरै भएको मानिन्छ ।[२०]

विज्ञानको चरम विकास र कम्प्युटर जस्ता तीव्र सञ्चार प्रविधिको विकास सँगसँगै मान्छेको व्यस्तता पनि बढेपछि मान्छेले समयाभावका कारण छोटो छरिटो र मीठो लेखनतर्फ अभिरूचि राख्न थालेपछि लघुकथा सिद्धान्तको अवधारणा विकसित भएको हो ।

---

[१७] ईश्वरीप्रसाद पोखरेल, **प्रतिनिधि नेपाली लघुकथाहरू**, (काठमाडौं, विवेक सिर्जनशील प्रकाशन, २०६५) ।

[१८] रोशन थापा 'नीरव', पूर्ववत् ।

[१९] ऐजन ।

[२०] ईश्वरीप्रसाद पोखरेल, पूर्ववत् ।

## १०. नेपाली लघुकथाको उद्भव र विकास

नेपाली लघुकथाको उद्भव भूमि खोज्दै जाँदा लोक साहित्यसम्म पुग्नु पर्ने हुन्छ । "लोक साहित्यमा पाइने उखान तथा गाउँखाने कथा आदि नै नेपाली लघुकथाको प्रारम्भिक प्रारूप हो ।"[२१]

"बहुकालिक दृष्टिबाट हेर्दा नेपाली लघुकथा लेखनको शुरूवात वि.सं. १८०० तिरदेखि भएको मानिन्छ । गोर्खा वंशावलीमा अनुस्यूत दुई छोटा कथाहरू 'सत्सँगको वर्णन भयाको कथाहा' र 'राजा प्रपञ्चैको व्यहोराको एउटा खिसा' लघुकथा सम्मत रचना हुन् ।"[२२] त्यस्तै 'मुन्सीका तीन आहान' लघुकथाका स्वरूपमा देखा परे पनि अनुदित भएको कारण मौलिक मानिन्न ।[२३]

"रामकृष्ण बर्माद्वारा सम्पादित 'हास्यमञ्जरी' (वि.सं. १९५२) भित्रका रचनाहरूमा सीमित र सूक्ष्म तन्तुको आभास त पाइन्छ तर हँस्यौली ठट्यौलीको प्रधानता र सुगठित कथानक तथा सशक्त कलात्मकताको अभाव छ । त्यसैले यसमा सस्तो मनोरञ्जनात्मक पक्षको मात्र प्रस्तुति छ ।"[२४]

प्रतीकात्मक अर्थ दिने नेपाली उखानहरूको प्रयोग गरेर समाजको चित्र झल्किने गरी कृष्णचन्द्र अर्ज्यालद्वारा वि.सं. १९८०-८५ तिर लिखित 'लौकिक न्याय मणिमाला' (वि.सं. २०१६) का रचनाहरूलाई घटराज भट्टराईले[२५] नेपाली लघुकथाका मौलिक रूप मानेता पनि उनको विचारमा अन्य विद्वान्हरू सहमत हुन सकेका छैनन् ।

यसबाट के बुझिन्छ भने नेपाली लघुकथाको उद्भवकाल किटानकासाथ भन्न सकिने अवस्था छैन र अहिलेसम्मको शोध, खोज, अध्ययन, अनुसन्धानका आधारमा नेपाली लघुकथा लेखन परम्पराको वास्तविक उठान आधुनिक नेपाली कथा लेखन परम्परासँगै वि.स. १९९० को दशकबाट भएको हो । अर्थात् 'आधुनिक नेपाली कथा परम्परामा लघुकथाको सिर्जना छुट्टै पहिचान र छुट्टै अस्तित्वबाट आरम्भ नभै आधुनिक नेपाली कथा लेखनकै प्रयत्नबाट विकसित हुँदै आएको हुँदा यसलाई कथा परम्पराकै प्रवाहमा समाहित

[२१] घटराज भट्टराई, "नेपाली लघुकथाको पहिलो मौलिक रूप र लौकिक न्याय मणिमाला", **मधुपर्क**, (वर्ष-३२, अङ्क-४, २०५६ भदौ), पृष्ठ-४१ ।

[२२] मोहनराज शर्मा, पूर्ववत्, पृष्ठ-२५ ।

[२३] घटराज भट्टराई, पूर्ववत् ।

[२४] ईवरीप्रसाद पोखरेल, पूर्ववत् ।

[२५] घटराज भट्टराई, पूर्ववत् ।

गरेर अध्ययन गरिनु बाञ्छनीय देखिन्छ ।'[२६]त्यसैले वि.सं. १९९० भन्दा अघि लेखिएका लघु कथात्मक रचनाहरूको महत्त्व नेपाली लघुकथाको उद्भवको निम्ति महत्त्वपूर्ण रहे पनि लघुकथा लेख्ने ध्येय राखेर नलेखिएको र रचनाहरूले समेत वास्तविक लघुकथाको इयत्ता प्राप्त गर्न नसकेका कारण ती रचनाहरूलाई नेपाली लघुकथाको पृष्ठभूमिमा राखेर अध्ययन गर्नु उपयुक्त हुन्छ ।

वि.सं. १९९२ सालदेखि हालसम्मको नेपाली लघुकथाको विकासको अवधिलाई निम्न तीन चरणमा विभाजन गरिएको छ[२७]:-

क. पहिलो (प्रारम्भिक) चरण- वि.सं. १९९२ देखि २०१९ सम्म

ख. दोस्रो (नवचेतनावादी) चरण-वि.सं. देखि २०३९ सम्म र

ग. तेस्रो (समसामयिक) चरण-वि.सं. २०४० देखि हालसम्म ।

क. पहिलो (प्रारम्भिक) चरण:

आधुनिक नेपाली कथा लेखन परम्परासँगै शुरू भएको आधुनिक नेपाली लघुकथाको प्रारम्भिक चरणको समयावधि वि.सं. १९९२ सालदेखि वि.सं. २०१९ सालसम्म मानिन्छ । वि.सं. १९९२ सालमा प्रकाशित गोपालसिंह नेपालीको 'कल्पना' नामक कृतिलाई प्रथम लघुकथासङ्ग्रहका रूपमा हेरिएता[२८] पनि केही विद्वानहरूले यस कृतिलाई गद्य कविताको रूपमा लिएर विमति जनाएका छन् । विवादास्पद नै रहेपनि यस कृतिमा कथानक स्वाद भने अवश्य रहेको छ र यसका रचनाहरूमा पात्र, परिवेश, घटना आदि सबै कथात्मक अभिलक्षणहरू पाइन्छ ।[२९]

यस चरणका चर्चित लघुकथाकारहरू पूर्णप्रसाद ब्राह्मण, जयनारायण गिरी र शशिकला शर्मा हुन् । ब्राह्मणका 'झिल्का' (२००७) र 'म लोग्ने' (२००८), गिरीको 'कसिङ्गर' (२००८) र शर्माको 'उनको सुरूवाल' (२०१९) यस चरणका प्रमुख लघुकथात्मक कृतिहरू हुन् ।

---

[२६] राजेन्द्र सुवेदी, पूर्ववत् ।

[२७] गोपाल अश्क, "नेपाली लघुकथाको उद्भव र विकास", **समकालीन साहित्य**, (वर्ष-१२, अङ्क-४, २०४९ साउन-असोज), पृष्ठ-२५ ।

[२८] शिव रेग्मी, पूर्ववत् ।

[२९] दयाराम श्रेष्ठ, पूर्ववत् ।

यस चरणका लघुकथाहरू यथार्थवादी धारामा आधारित छन् । पूर्णप्रसाद ब्राह्मणका लघुकथाहरू र शशिकला शर्माका लघुकथाहरू समाजका सामाजिक, सांस्कृतिक, धार्मिक, राजनैतिक, घरायसी र मानवीय यथार्थहरूलाई बडो रोचक र सटीक शैलीमा चित्रण गरेर लेखिएका छन् । त्यस्तै जयनारायण गिरीका अधिकांश लघुकथामा नारी संवेदना र नारी जीवनको बहुरूपको चित्रणका साथै फ्रायडीय मनोविज्ञान चिन्तन अनुसारको प्रणयजनित प्रतिबिम्बहरू पाइन्छ ।[३०]

तसर्थ नेपाली लघुकथाको प्रारम्भिक चरणमा सामाजिक र मनोवैज्ञानिक (यौन) यथार्थवादी प्रवृत्ति देखा पर्दछ ।

ख. दोस्रो (नवचेतनावादी) चरणः

आधुनिक नेपाली लघुकथाको दोस्रो चरण भनेर चिनिने यस चरणलाई नवचेतनावादी चरण पनि भनिन्छ । यस चरणमा प्रारम्भिक चरणको सामाजिक यथार्थवादी र मनोवैज्ञानिक यथार्थवादी प्रवृत्तिभन्दा केही भिन्न रहेर समाजमा विद्यमान सामाजिक, आर्थिक, राजनैतिक र जातीय चेतनाको क्षेत्रमा देखा परेका असङ्गति, दमन, अत्याचार, द्वन्द्व, निचता र स्वेच्छाचारीको विषयलाई प्रयोगधर्मी नवचेतनाको धारमा प्रस्तुत गरिएका लघुकथाहरू सिर्जना तथा प्रकाशित भएको छन् ।[३१] यस चरणका लघुकथाहरूमा पञ्चायती व्यवस्थाको दमनकारी नीति र बहुदलवादीहरूको विद्रोहात्मक र सङ्घर्षशील प्रवृत्तिको प्रशस्त प्रभाव परेको छ ।

विश्वम्भर प्याकुरेल, जगदीश नेपाली, अनिता तुलाधर, किशोर पहाडी, दुर्लभलाल सिंह, ध्रुव मधिकर्मी, श्याम गोपाल, लव गाउँले, विनयकुमार कसजू, रमेश नेपाली आदि लघुकथाकारहरूका कलात्मक शिल्पी पाएर उन्नत बनेको यस चरणमा लघुकथाको उचित समृद्धिको निम्ति रूपरेखा, मधुपर्क, सिउँडी, विहान, जयन्ती जस्ता पत्रिकाले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

यस चरणमा लघुकथीय धर्मको पालना गरेर लेखिएका कृतिहरू विश्वम्भर प्याकुरेलका 'इन्द्रेणी गुम्बजभित्र' (२०२९) र 'केही लघुकथाहरू' (२०२९), रमेश नेपालीको 'पाटीकी बौलाही' (२०३२), अनिता तुलाधरको 'फुलू' (२०३४), श्याम गोपाल र ध्रुव

[३०] ईश्वरीप्रसाद पोखरेल, पूर्ववत् ।

[३१] ऐजन ।

मधिकर्मीको संयुक्त सङ्ग्रह 'लघु' (२०३५), लव गाउँलेको 'मसिना कथाहरू' (२०३७), दूर्लभसिंहको 'झुलभित्रको मान्छे' (२०३६), विनयकुमार कसजूको 'पशुतन्त्र' (२०३९) र जगदीश नेपालीको 'केही लघुकथाहरू' (२०३९) आदि हुन् ।

नवचेतनावाद (विसङ्गतिवाद/अस्तित्ववाद) को बोलवाला रहेको यस चरणमा हरिहर खनाल, विनयकुमार कसजू, खगेन्द्र सङ्ग्रौला, हरिगोविन्द लुइँटेल आदिले प्रगतिवादी चेतका लघुकथाहरू पनि लेखेका छन् ।

ग. समसामयिक चरण:

नेपाली लघुकथाको इतिहासमा समसामयिक चरणका रूपमा विकसित भएको वि.सं. २०४० सालभन्दा पछिको समय लघुकथा सिर्जनाको दृष्टिकोणले अत्यन्त उर्वर काल हो । नेपाली लघुकथाको दोस्रो चरणमा उदाएका लघुकथाकारहरूले लघुकथा लेखन कार्यलाई निरन्तरता दिइरहेकै बखत नयनराज पाण्डे, मोहन वञ्जाडे, अमोददेव भट्टराई, इन्द्रकुमार श्रेष्ठ 'सरित्', बासु बराल, तेजप्रसाद श्रेष्ठ, मनु ब्राजाकी, सीता पाण्डे, रत्न प्रजापति, श्रीओम श्रेष्ठ 'रोदन', विदुर गौतम, रामविक्रम थापा, सुमन सौरभ, रवीन्द्र समीर, मनिक्रमराज शर्मा, राजेन्द्र पराजुली, हरिहर पौडेल, दुवसु क्षेत्री, रमेश क्षितिज, रोशन थापा 'नीरव', कुमार केसी, बलदेव मजगैया, कपिल लामिछाने, विश्वराज अधिकारी, विष्णु राई, नगेन्द्रराज शर्मा, हरिगोविन्द लुइँटेल, कृष्ण शाह 'यात्री', नवराज रिसाल, प्रयास सौरभ श्रेष्ठ, पुष्करराज भट्ट, विजयसागर जस्ता लघुकथाकारहरूले प्रचुर मात्रामा लघुकथा सिर्जना गरेर नेपाली लघुकथाको क्षेत्रलाई अझ उन्नत र विस्तृत तुल्याएका छन् ।

यस चरणका लघुकथाहरूमा वैचारिक स्वतन्त्रता नहुनाका कुण्ठा मुखरित भएको पाइन्छ । यद्यपि यस अवधिमा लघु वा लघुत्तम साहित्यिक सिर्जना गरेर छोटो मीठो रूपमा तत्कालीन समयमा गुज्रेको समसामयिक विकृति विसङ्गतिको भण्डारफोर गर्ने काम तीव्र रूपमा अगाडि बढेको छ ।[३२]

यस चरणमा प्रशस्त मात्रामा लघुकथासङ्ग्रहहरू प्रकाशित भएको छन् । अमोददेव भट्टराईको 'हस्ताक्षर' (२०४७), भागीरथी श्रेष्ठको 'रङ्गीन पोखरी' (२०५०), बालमुकुन्ददेव खनालको 'बाध्यता' (२०५०), ध्रुव मधिकर्मी र श्यामगोपालको संयुक्त कृति 'बुद्ध कहीं छैन'

[३२] ईश्वरीप्रसाद पोखरेल, पूर्ववत् ।

(२०५१), सुमन सौरभको 'आधुनिक लधुकथाहरू' (२०५२), विनयकुमार कसजूको 'लिस्नो' (२०५३), 'थोपा-थोपा' (२०५७) र 'बाघको शिकार' (२०६१), रवीन्द्र समीरको 'तेस्रो आँखा' (२०५३) र 'पोस्टमार्टम' (२०६२), किशोर पहाडीको 'किम्बदन्ती' (२०५३), कपिल लामिछानेको 'अन्यथा' (२०५४) र 'जल मानव' (२०६१), रामविक्रम थापाको 'पात्रहरू' (२०५५), श्रीओम श्रेष्ठ 'रोदन'को 'आँखी झ्याल' (२०५८), हरिहर खनालको 'विगत आगत' (२०५५), विष्णु राईको 'परपर' (२०५५), नगेन्द्रराज शर्माका 'एकान्तका आफन्तहरू' (२०५५) यस चरणका प्रमुख लघुकथासङ्ग्रहहरू हुन् ।

यस चरणका लघुकथाहरूमा प्रगतिवादी चेत प्रवल हुनुका साथै समाज सुधारको समेत अपेक्षा गरिएको छ ।[३३] समाजको विविध पक्षहरूमा देखा परेका विकृति, विसङ्गति र विडम्वनालाई बिद्रोहात्मक व्यङ्ग्य गरी लेखिएका कृतिहरूमा हरिगोविन्द लुइँटेलको 'समय र पोखरी' र कृष्ण शाह 'यात्री' को 'सूक्ष्म शिखाहरू' (२०५६) र 'आणविक अस्त्र' (२०६४) उल्लेखनीय छन् । त्यस्तै गोरखबहादुर सिंहको 'आलु प्याज, प्याज आलु' (२०६०), नारायण तिवारीको 'दशैं खर्च' (२०५७), नवराज रिसालको 'अदृश्य पीडा' (२०५७), पुष्करराज भट्टको 'कर्मयोद्धा' (२०५९), यमनदेव उत्प्रेरकको 'यात्रारम्भ' (२०५९), शेखरकुमार श्रेष्ठको 'सागरपुर' (२०५९), विजय सागरको 'सागरका कथाहरू' (२०६०), अगिव वनेपालीको 'शुभयात्रा' (२०६०) र 'अन्तिम आग्रह' (२०६२), इँन्द्रकुमार विकल्पको 'सर्वदलीय घर' (२०६०), कुसुम ज्ञवालीको 'सहिदले बिर्सिएको गाउँ' (२०६०), हिरण्य भोजपुरेको 'जङ्घार' (२०६०), अच्युत घिमिरेको 'शिखर चढिरहेको मान्छे' (२०६१), धनुषराजु राई 'राशि'को 'सेतो हस्ताक्षर' (२०६१), गोपाल ढकालको 'अस्ताएको सूर्य' (२०६१), राजुराम मुनकर्मीको 'अन्तर्द्वन्द्व' (२०६२), श्रीबाबु कार्कीको 'समय र बाछिटा' (२०६२), हरिप्रसाद भण्डारीको 'अविरल यात्रा' (२०६३) जस्ता लघुकथासङ्ग्रहहरू प्रकाशित भएको छन् ।

नेपाली लघुकथाको विकासको यस चरणमा विभिन्न हवाइ पत्रिकाका साथै पोष्टकार्ड जस्ता पत्रिकाहरूले पनि लघुकथा विशेषाङ्क प्रकाशन गरेर लघुकथा विधामा महत्त्वपूर्ण योगदान दिएको छ । त्यस्तै सिर्जनशील साहित्यिक समाज (सिसास) काठमाडौंले लघुकथा वाचन तथा राष्ट्रव्यापी लघुकथा प्रतियोगिता आयोजना गरेर लघुकथाको व्यापकतालाई पुष्टि गरेको छ । त्यस्तै ने.रा.प्र.प्र.ले राष्ट्रिय लघुकथा सम्मेलन-२०५४ र द रेयुकाइ नेपाल

[३३] ऐजन ।

पाटन शाखा ललितपुरले राष्ट्रव्यापी लघुकथा प्रतियोगिता-२०५५ आयोजना गरेर लघुकथाको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको छ ।

नेपाली लघुकथाको यसै चरणमा किशोर पहाडी र अशेष मल्लद्वारा सम्पादित 'अध्याय', बासु बरालद्वारा सम्पादित 'चार हस्ताक्षर बाऱ्ह स्वर', श्रीओम श्रेष्ठ 'रोदन'द्वारा सम्पादित 'शुभारम्भ' र 'सञ्चयन', गोरखबहादुर सिंहद्वारा सम्पादित 'पहिरो थुपारिएको बगर' र कृष्ण कँडेलद्वारा सम्पादित 'संवेदन स्वरहरू' जस्ता लघुकथासङ्ग्रहहरू प्रकाशित भएको छन् ।

मधुपर्कले २०५६ भदौको अङ्कलाई लघुकथा विशेषाङ्कको रूपमा प्रकाशन गरेर, ईश्वरीप्रसाद पोखरेलले 'नेपाली लघुकथाको परम्परा' (२०६०) शीर्षकमा स्नातकोत्तर तहको शोधपत्र प्रस्तुत गरेर साथै विवेक सिर्जनशील प्रकाशन, काठमाडौंले 'प्रतिनिधि नेपाली लघुकथाहरू' (२०६५) र साझा प्राशनले लघुकथाः प्रक्रिया र पाठ (२०६५) प्रकाशन गरेर नेपाली लघुकथाको क्षेत्रमा विशेष उल्लेख्य कार्य गरेका छन् ।

त्यस्तै कृष्ण पौडेल 'असीम', खड्गसेन ओली, खिलराज राई 'सुदामा', गगनदीप, जगदीश घिमिरे, चक्री, श्रेष्ठ, जुनु क्षेत्री, जयदेव भट्टराई, तुलसीहरि कोइराला, गोपाल देवान, घनश्याम न्यौपाने 'परिश्रमी', कृष्ण बजगाई, पुण्य बराल, घिरज गिरी, ध्रुव शाही, निमेश निखिल, टीकाराम उदासी, रत्न कोजू, लक्ष्मण गाम्नागे, प्रदीप बगाले, प्रेमराज लुइँटेल, वसन्त ढकाल, फणीन्द्र ज्ञवाली, श्रीधर शर्मा जस्ता साहित्यकारहरूले पनि लघुकथा लेखन पथमा समाहित भएर आफ्ना कलम सक्रिय तुल्याउनुले नेपाली लघुकथाको यात्रा अझ फराकिलो र सुनिश्चिततातर्फ अग्रसर भएको छ ।

## ११. लघुकथा विधा लिनुका कारण र लघुकथा लेखनको पृष्ठभूमि

मेरो साहित्यिक यात्राको थालनी कविताबाट भएको हो । अध्ययनका साथै लेखन अभ्यासलाई निरन्तरता दिदै जाँदा कथा र त्यसमा पनि लघुकथातर्फ मेरो रूचि मोडिन पुग्यो । छोटो समयमा, थोरै शब्दमा, छिटो छरितो र प्रभावकारी किसिमले आफ्ना भाव, विचार, अनुभूति अभिव्यक्त गर्न सकिने भएकोले नै लघुकथा विधाले मलाई विशेष लोभ्याएको हो ।

प्रमाणपत्र तहमा अध्ययनरत हुँदा २०५६ सालमा लहान क्याम्पसमा प्रकाशन हुने साहित्यिक भित्ते पत्रिकाको निम्ति लेखेको 'विश्वासघात' शीर्षकको लघुकथा नै मेरो पहिलो लघुकथा हो, जुन साहित्यकुञ्ज नेपाली केन्द्रीय विभाग कीर्तिपुरबाट प्रकाशित 'कुञ्जिनी' (वर्ष-११ अङ्क-११, २०६३/६४) मा प्रकाशित भएको छ । यस हिसावले हेर्दा मैले लघुकथा सिर्जना गर्न थालेको समयावधि एक दशक पुगिसकेको छ । यस अवधिमा मैले तीन दर्जन जति लघुकथाहरू सिर्जना गरिसकेको छु । त्यस्तै मेरा एक दर्जन जति लघुकथाहरू त्रिवेणी, शब्दाङ्कुर, आगमन, कुञ्जिनी, गोरखापत्र (शनिवार) जस्ता पत्र पत्रिकामा प्रकाशित भएको छन् ।

विशेषतः सामाजिक विकृति, विसङ्गति र सामाजिक विभेदजस्ता कुराहरू नै मेरा लघुकथाका विषय हुने गर्दछ । यसका अलावा मेरा केही लघुकथाहरूले मनोविज्ञानको सूक्ष्म पक्षलाई पनि आफ्ना विषयवस्तुका रूपमा अँगालेका छन् । तसर्थ नेपाली लघुकथा परम्परामा देखा परेको यथार्थवादी (सामाजिक, मनोवैज्ञानिक र समाजवादी), नवचेतनावादी (विसङ्गतिवाद र अस्तित्ववाद) र समसामयिक धाराहरूमध्ये मेरा लघुकथाहरू मनोवैज्ञानिक र समाजवादी यथार्थवाद अनि समसामयिक चेतबाट विशेष प्रेरित छन् ।

अन्त्यमा, स्नातकोत्तर द्वितीय वर्षको दशौँ पत्रअन्तर्गत ऐच्छिक पत्रको आवश्यकता परिपूर्ति गर्नका निम्ति समावेशित मेरा यी लघुकथाहरू निर्देशकज्यूको उचित सल्लाह, सुझाव र निर्देशनमा परिष्कार र परिमार्जन गरी प्रस्तुत गरेको छु ।

## १२. सङ्ग्रहित लघुकथाहरूको विधागत स्वरूपः आफ्नै दृष्टिमा

'बन्द' यस लघुकथा सङ्ग्रहमा सङ्ग्रहित पहिलो लघुकथा हो । यस लघुकथामा केही व्यक्तिहरूले कसैको हत्या गर्छन् । भोलिपल्ट आफूहरूले गरेको त्यस कुकृत्यको अभियोगबाट जोगिन स्वयम् अपराधीहरू नै हत्यारालाई उचित कारवाहीको माग गर्दै हत्याको विरोधमा बन्दको आह्वान गरी आन्दोलनमा उत्रिन्छन् ।

'उँचो सिर' ले मूर्ति तस्कर गरी अकूत सम्पत्ति कमाएर आफ्नै घरमा मन्दिर स्थापना गरी धार्मिक आडम्बरको खोल भित्र लुक्न खोज्ने प्रवृत्तिलाई उजागर गरेको छ । त्यस्तै बढ्दो आधुनिकतासँगै माया प्रेम कसरी धुमिल र विकृत हुँदै गैरहेको छ भन्ने कुराको नमुना हो- 'प्रेम उपहार' । यस लघुकथामा प्रेमीबाट धोका पाएपछि उसको निशानी स्वरूप आफ्नो पेटमा हुर्कदै गरेको शिशुको निर्ममतापूर्वक गर्भपतन गर्न पछि नपर्ने प्रेमिकाको चित्रण छ ।

'क्षयोन्मुख अस्तित्व' ले नेपाली राष्ट्रिय पोसाक 'ढाका टोपी' को अस्तित्व नै सङ्कटमा पर्न थालेको यथार्थलाई दर्शाएको छ । 'आधुनिक पुजारी' मा 'आधुनिक युगका सन्त' सम्म भनेर चिनिने मन्दिरका मुख्य पुजारी नै कुलतको कारण एचआइभी सङ्क्रमित भएको विकृतिपूर्ण अवस्था देखाइएको छ ।

बेरोजगारी हुँदा आफन्तले समेत वेवास्ता गर्छन् तर नाम र दाम कमाउन थालेपछि उसलाई हेर्ने सबैको दृष्टिकोणमा ठूलो भिन्नता आउँछ । त्यही भिन्नतालाई 'अन्तर' नामक लघुकथामा सटीक पाराले प्रस्तुत गरिएको छ ।

गाउँको सोझो केटो सहर पसे पछि चेलीबेटी बेच बिखनमा संलग्न हुन्छ र प्रशस्त पैसा कमाउँछ । आर्थिक हैसियत मजबुत भएपछि उसलाई कानूनले समेत छुन सक्दैन भन्ने कुरा 'धन्दा' लघुकथामा देखाइएको छ । सडक र मोटरगाडीले गाउँमा विकास मात्र नभएर विकृति पनि ल्याउँछ भन्ने कुरा 'विकृति' नामक लघुकथामा देखाइएको छ ।

गरिबी उन्मूलनको निम्ति जति प्रयत्न गरिए पनि गरिबी जस्ताको तस्तै रहेको तर धनी र गरिबबीचको दूरी भने बढ्दै गएको कुरा 'खाडल' नामक लघुकथामा उल्लेख गरिएको छ । 'भ्यालेन्टाइन डे' नामक लघुकथाले प्रेमको नाममा कैयौं रूबिनाहरू प्रकाश जस्ता धूर्त प्रेमीहरूका सिकार हुने कुरा औँल्याएको छ ।

मनोवैज्ञानिक  लघुकथा 'डाले घाँस' मा वैशालु नोकर्नीको गुप्ताङ्ग हेर्ने लालसाले धर्मान्नद पण्डित घाँस बटुल्न आफै जान्छन् । त्यस्तै 'अदेखा शत्रु' मा मान्छेको सबैभन्दा ठूलो र डरलाग्दो शत्रु मान्छे नै हो भन्ने कुरा देखाइएको छ । 'सम्मान' नामक लघुकथामा जिउँदो हुँदा बेवास्ता अनि उपेक्षा गर्ने तर मृत्यु पछि भने सम्मान थोपर्ने प्रवृत्तिलाई देखाइएको छ ।

'रहस्य' नामक लघुकथामा अन्सारीबाबु आफ्ना घरका कामदार रामानन्दन र भुनियाँको विवाह गरिदिन्छन् । विवाहपछि उनीहरूको सम्पूर्ण ऋण मिनाहा गरेर उनीहरूलाई कमैया कम्लरीबाट समेत मुक्त गरिदिन्छन् । उनको यस्तो उदारमनाको रहस्य भुनियाँको गर्भबाट दुरूस्तै उसको अनुहार लिएर बच्चा जन्मेपछि मात्र खुल्छ ।

‘निसाफ’ नामक लघुकथा कानूनी पेशासँग सम्बन्धित छ । कानूनविद् रविशङ्कर मोटो रकम लिएर बलात्कारी र हत्याराको पक्षमा मुद्दा छिन्छ । पछि घर पुगेपछि मात्र ऊ त्यस अपराधको सिकार आफ्नी छोरी भएको कुरा थाहा पाउँछ ।

‘पृथक् दृश्यहरू’ शीर्षकको लघुकथामा मन्दिर परिसरमा बस्दै आएकी लाटीलाई समाउन जाने पुजारी आकस्मिक पलायन भएको कुरा देखाइएको छ ।

‘पछुतो’ नामक लघुकथाका पात्र वीरवल पुर्ख्यौली धन सम्पत्तिको दम्भले स्थायी परिवार नियोजन गर्न मान्दैन । छोराछोरी हुर्कंदै र सम्पत्ति रित्तिंदै गएपछि समयमा छोराछोरीको विवाह गरिदिन ऊ असमर्थ हुन्छ । एउटा छोरोले कथित तल्लो जातकी केटी भगाएपछि र एउटी छोरी विवाह नगरी नै आमा बन्ने अवस्थामा पुगेपछि मात्र ऊ परिवार नियोजन गर्न साथीभाइले दिएको सल्लाह नमानेकोमा पछुतो मान्छ ।

‘तिरस्कार’ लघुकथामा भ्रष्टचारी कर्मचारी र नेताका लास गिद्धले समेत छुन नमानेर घृणा भाव व्यक्त गरेको प्रसङ्ग छ ।

‘सन्निपात’ हाम्रो देश नेपालले हाल बेहोरिरहेको अन्यौलताको चित्रण हो । यसमा धार्मिक र स्वैरकल्पनाको माध्यमबाट भएपनि नेपाल आमाको मुहार एकदिन अवश्य फेरिने अपेक्षा गरिएको छ ।

‘मिलेमतो’ लघुकथाले आजको मान्छेमा ह्रास हुँदै गैरहेको आपसी मिलेमतो र सहयोगको पाठ कमिलाबाट सिक्नु पर्ने कुरा औंल्याएको छ ।

‘उद्दार’ लघुकथा मानवीय छुद्र प्रवृत्तिप्रतिको तीखो व्यङ्ग्य हो । यस लघुकथामा भूकम्पमा परेर घाइते भएकोहरूलाई उद्धार गर्न छाडेर मान्छेहरू धन सम्पत्ति सञ्चय गर्नतिर लागेको देखाइएको छ । यतिसम्म कि उद्धारको याचना गरेर उठेको घाइतेको हातको घडी र औंठी थुत्ने जस्ता चुत्थो कार्य गर्नसम्म मान्छे पछि नपरेको अवस्था यस लघुकथामा देखाइएको छ ।

‘पलायन’ वैदेशिक रोजगारको निम्ति विदेश जानेहरूको कथाव्यथा हो । यसमा विरानो परदेशमा खाइ-नखाइ, रगत पसिना बगाएर कमाएको सारा रूपैंया पैसा कुम्ल्याएर स्वास्नी अर्कैसित हिंडेपछि लोग्ने पनि विक्षिप्त मन लिएर गाउँबाट पलायन हुन्छ ।

'स्वभाव' लघुकथामा घाइते बाज चराहरूको सेवा शुश्रुषा पाएर स्वस्थ हुन्छ । स्वस्थ र तन्दुरूस्त भएपछि उसमा जन्मजात गुण जागृत हुन्छ । ऊ चराहरूले आफूमाथि गरेको गुन भुल्छ र चराहरूकै बचेरा खाएर हिंड्छ ।

'अन्तर्वार्ता' यस लघुकथासङ्ग्रहमा सङ्ग्रहित अन्तिम लघुकथा हो । यस लघुकथामा कार्यालयमा महिलाहरूमाथि हुने दुर्व्यवहार देखाइएको छ । साथै त्यस्ता दुर्व्यवहारको तत्कालै कसरी प्रतिकार गर्न सकिन्छ भन्ने कुरो पनि देखाइएको छ ।

## १३. नेपाली लघुकथाको विकास यात्रामा प्रतिनिधि कथाकारहरूका प्रमुख लघुकथाहरूको अध्ययन

### १. विनयकुमार कसजू

विनयकुमार कसजू नेपाली लघुकथाका एक बलिया स्तम्भ हुन् । नेपाली लघुकथाको नवचेतनावादी युगलाई उन्नत चरणमा पुऱ्याउन कसजूको महत्त्वपूर्ण योगदान रहेको छ । समाजमा हुने आर्थिक विषमता, असन्तुलन तथा मानिसभित्रको पाशविक प्रवृत्तिलाई प्रगतिवादी दृष्टिकोणले नियाल्ने कसजूका हालसम्म 'पशुतन्त्र' (२०३९), 'लिस्नो' (२०५३) र 'थोपाथोपा' (२०५७) लघुकथा सङ्ग्रहहरू प्रकाशित छन् ।

'दयालु सेठ' विनयकुमार कसजूद्वारा लिखित समाजवादी यथार्थवादी लघुकथा हो । यस लघुकथामा एकजना उद्योगपति आफ्ना कामदारहरूका निम्ति ट्युबवेल बनाइदिन्छन् । जति बल गरेर ट्युबवेल खिच्दा पनि थोरै पानी आउँछ । पछि मिस्त्रीले ट्युबवेल खनेर हेर्दा धेरै पानी उद्योगपतिको ट्याङ्कीतिर जाने गरी ट्युबवेल निर्माण गरिएको रहस्य खुल्छ । यसरी गरिब मजदुरहरूलाई सुविधा दिने नाममा उद्योगपतिले उनीहरूको श्रम शोषण गरेको अवस्था यस लघुकथामा देखाइएको छ ।

'स्याललाई स्लिपिङ्ग व्याग' विदेशी दातृराष्ट्रहरूबाट प्राप्त सहयोग र अनुदान कसरी दुरूपयोग भैरहेछ भन्ने कुराको नमुना हो । धूर्त एनजीओका कर्मचारीहरू विभिन्न शीर्षकमा 'प्रपोजल' पेश गरी विदेशी डलर भित्र्याउँछन्, र आफ्नै गोजी भरेर सिध्याउँछन् भन्ने कुरा यस लघुकथामा देखाइएको छ ।

'गैंडासँग जम्काभेट' लघुकथाले अवैध सिकारका कारण बाघ, भालु, गैंडा, हात्ती, जस्ता जन्तुहरूको अस्तित्व नै सङ्कटमा पर्न थालेको कुरा दर्शाएको छ । चोरी सिकारीका

कारण एकातिर नेपालका राष्ट्रिय निकुञ्जबाट त्यस्ता जीवजन्तु मासिँदै छन् भने अर्कोतिर विदेशी पर्यटकहरू त्यस्ता जीवजन्तु हेर्न नेपाल भित्रिदैछन् । अन्त्यमा विदेशी पर्यटकलाई ढाँट्न बाघ, भालु, गैँडा आदिको नक्कली आवरण लगाएर मान्छे नै जङ्गलमा बस्ने गरेको रहस्यलाई यस लघुकथाले उजागर गरिदिएको छ । यसरी बाघ, भालु, गैँडा हात्ती जस्ता जङ्गली जनावरहरूको जगेर्नाका लागि समयमै सचेत हुनुपर्ने सन्देश यस लघुकथाले बोकेको छ ।

## २. दुर्लभलाल सिंह

नेवारी भाषाका आफ्नै कथाहरू अनुवाद गरी नेपाली लघुकथाको नवचेतनावादी चरणमा देखा परेका सशक्त कथाकार दुर्लभलाल सिंह हुन् । मानिसका निरर्थक र फोस्रा अहम् अनि आडम्बरप्रति विम्वात्मक एवम् प्रतीकात्मक किसिमले व्यङ्ग्य प्रहार गरी त्यसको धज्जी उडाउन उनी निकै सिपालु छन् । वि.स. २०३७ सालमा 'झुलभित्रको मान्छे' लघुकथा सङ्ग्रह प्रकाशन गरेर यस क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका सिंहका लघुकथाहरूमा सूक्ष्म दर्शन र मनोविज्ञानको समेत चित्रण पाइन्छ ।

'माछा र पानी' सिंहको एउटा चर्चित लघुकथा हो । यस लघुकथामा सिंहले मानवेत्तर पात्र माछालाई प्रमुख पात्रका रूपमा उतारेका छन् ।

एउटा माछो म पानीको गति अनुसार किन बगूँ ? के म यसको नोकर हुँ र ? भन्ने सोचेर पानीको विपरीत दिशातर्फ हिंड्ने प्रयत्न गर्छ तर सक्दैन । अन्त्यमा ऊ मर्छ र पानीले आफूसँगै बगाउँछ । यसरी कथाकार सिंहले समय र समयको गति अत्यन्त महत्त्वपूर्ण अनि शक्तिशाली छ र त्यसैको सापेक्षतामा चल्न सकिएन भने दुःख पाइन्छ भन्ने दर्शन यस लघुकथामा प्रस्तुत गरेका छन् ।

'सेक्स' मनोवैज्ञानिक यथार्थवादी लघुकथा हो । गाईको पछि लागेका साँढेहरू एक आपसमा जुध्छन् । त्यस भिडन्तलाई लोग्ने तथा आइमाई मान्छेहरू बाहिर लाज सरम माने जस्तो गरेर भित्रभित्रै भने अति रोमाञ्चित भएर हेर्छन् । कथाकार सिंहले यस लघुकथामा मानवेत्तर पात्र गाईलाई वासनाको र साँढेलाई ईर्ष्या र अहमताको प्रतीकको रूपमा उतारेका छन् । साँढेहरूको भिडन्तले एकातिर वासना, ईर्ष्या र अहम्ताका कारण युगौँयुगदेखि चल्दै आएको विभिन्न युद्धहरूलाई सङ्केत गरेको छ भने अर्कोतिर वासना र ईर्ष्यालाई जित्न नसकेसम्म युद्ध निरन्तर चलिरहने कुराको सङ्केत गरेको छ ।

'धरहरा' प्रगतिवादी यथार्थवादी लघुकथा हो । मान्छेहरूको काँध चढ्दै जाने क्रममा धरहराभन्दा माथि पुग्ने व्यक्ति खुशीले नाच्न थाल्छ । काँध थाप्नेहरूको काँध गल्छ, सम्हाल्न सक्दैनन् र काँध हल्लाइदिन्छन् । माथि पुगेको व्यक्तिको सन्तुलन बिग्रिन्छ र ऊ भूइँमा पछारिन्छ । अनि काँध थाप्ने सबै मान्छे ऊमाथि चढ्छन् ।

यस कथामा जनताले जतिसुकै दुःख कष्ट सहेर भए पनि आफ्ना प्रतिनिधिलाई माथि पुऱ्याउन साथ दिन्छन् तर उसले जनताका इच्छामाथि कुठाराघात गर्ने वित्तिकै जनताको ऊमाथिको आस्था भत्किन्छ र आस्था भत्क्यो भने जनतालाई केहीले पनि रोक्न छेक्न सक्दैन भन्ने प्रगतिवादी दृष्टिकोण प्रतिविम्वित भएको छ ।

## ३. गोरखबहादुर सिंह

नेपाली लघुकथाको नवचेतनावादी चरणमै उदाएर समसामयिक चरणमा पनि उल्लेखनीय योगदान दिने व्यक्ति गोरखबहादुर सिंह हुन् । विशेषतः नेपाली राजनीतिमा देखापरेको विकृति विसङ्गति, धार्मिक आडम्बर र मान्छेका नीच पक्षहरूलाई लघु संरचनाका माध्यमबाट प्रभावकारी प्रस्तुति दिन गोरखबहादुर सिंह निकै खप्पिस छन् ।

'अछुत परिकार' गोरखबहादुर सिंहको अत्यन्त रोचक र चर्चित लघुकथा हो । यस लघुकथाका अनुसार विजयी सांसदहरूको लागि ठूलो भोजको आयोजना हुन्छ । भोजमा आमन्त्रित सबै सांसदहरूले इच्छा अनुसार विभिन्न खानेकुराका परिकारहरू खान्छन् । भोज अन्तिमतिर पुग्दा पनि एउटा परिकार कसैले छुँदैनन् । सबैले अत्यधिक रूचाएर खाएका भोजनका परिकारहरू पद, पैसा, भव्य महल, पजेरो, विदेश भ्रमण, सुरा-सुन्दरी, कमिसन जस्ता सुख सुविधा हुन्छन् भने सबैले उपेक्षा गरेको परिकार 'राष्ट्रियता' हुन्छ । यस कथाले सरल, सहज, सटीक अनि व्यङ्ग्यात्मक पाराले हाम्रा नेताहरूको सुविधाभोगी प्रवृत्तिलाई उजागर गरेको छ । देशका प्रमुख व्यक्तिहरू नै सेवा सुविधाको पछि लागेर राष्ट्र र राष्ट्रियताप्रति विमुख भएकोले देशले दुर्दशा व्यहोरिरहेको कुराको सङ्केत यस कथामा पाइन्छ ।

दस गाउँटाढासम्म नाम चलेका शशीधर पण्डित धर्मको पर्याय मानिन्छन् । शाकाहारी पुजारी बाहिर माछामासुको उच्चारण समेत गर्दैनन् तर घरमा भने उड्न लागेको परेवाको बच्चातर्फ इङ्गित गर्दै नातिलाई 'परेवका बच्चा उड्न लागेका छन्, जेसुकै गर' भनेर सूचना दिन्छन् । यसरी परेवाको बच्चा उड्ला कि भन्ने कुराले त्रसित शशीधर

पण्डितको आडम्बरी आचरणलाई कथाकार सिंहले ‘धर्म निर्वाह’ नामक लघुकथामा प्रस्टसँग चित्रण गरिदिएका छन् ।

‘सक्रिय उद्धार’ मान्छेमा त्यसमा पनि युवापुस्तामा हुने मनोवैज्ञानिक प्रवृत्तिको चित्रण हो । बस दुर्घटनामा परेर सामान्य घाइते भएकी युवतीको उद्धारमा सबै युवाहरू दत्तचित्त भएर लाग्छन् तर हात खुट्टा भाँच्चिएर छट्पटाइरहेको सख्त घाइते उसैको श्रीमान्लाई भने कसैले वास्ता गर्दैनन् । यसरी कथाकार सिंहले यस लघुकथामा मनोविज्ञानको सूक्ष्म तर अति गूढ रहस्यलाई थोरै व्यङ्ग्यात्मक र धेरै कारूणिक किसिमले उतारेका छन् ।

## ४. हरिहर पौडेल

आधुनिक नेपाली लघुकथाको समसामयिक चरणलाई बलियो टेवा दिने कथाकारहरूमध्ये हरिहर पौडेल एक हुन् । वि.सं. २०२५ सालमा चितवन जिल्लामा जन्मिएका पौडेल चालिसको दशकदेखि लघुकथा लेखनतर्फ होमिएका हुन् । प्राध्यापन पेशामा आवद्ध पौडेल कथा, लघुकथा सिर्जनाका अलावा साहित्यिक पुस्तक तथा पत्र पत्रिकाको सम्पादनमा पनि कलम चलाउँछन् । हालसम्म उनको ‘इतिवृत्त’ (२०५१) कथासङ्ग्रह र ‘कालो उज्यालो’ (२०६२) लघुकथा सङ्ग्रह प्रकाशित छन् ।

‘दौपदी’ लघुकथा नेपाली राजनीतिप्रतिको व्यङ्ग्यात्मक प्रस्तुति हो । पौडेलले महाभारतकी पात्र दौपदीलाई वर्तमान परिवेशमा ल्याएर नेपाली राजनीतिसँग तुलना गरेका छन् । दौपदीले विभिन्न व्यक्ति (युधिष्ठिर, भीम, अर्जुन, नकुल, सहदेव) सँग सहवास गरे झैं नेपाली राजनीति पनि विभिन्न अवसरवादी नेताहरूको साथ पाएर मोजमस्ती र रोमान्समा मात्रै सीमित भएको कुरा देखाएइको छ । यसरी यस कथाको माध्यमबाट पौडेलले एकातिर नेपालको राजनीतिले निश्चित लक्ष्य वा उद्देश्य हासिल गर्न नसकेको अवस्था देखाएका छन् भने अर्कोतर्फ नेताहरूले राजनीतिलाई साध्यका रूपमा नभै मोजमस्ती, ऐश आराम र सुख सुविधा इत्यादि प्राप्त गर्ने साधनका रूपमा मात्र प्रयोग गरेको तथ्यलाई केही घुमाउरो पाराले दर्शाएका छन् ।

वैंशले मदमत्त विनितामा आवेगजन्य विकृति देखा पर्दछ । परिणामस्वरूप हरबखत ऊ सर्पबाट त्रसित हुन्छे । मनोचिकित्सकले उसको रोगको कारण बुझ्छ र सोही तवरले उपचार गर्छ । केही समयपछि विनिता ठीक हुँदै जान्छे अनि सर्पसँग डराउन छोड्छे । छोरी

ठीक भएकोमा आमा दङ्ग पर्छिन् भने छोरी विनितामा वैंशको लाली धपक्क बल्न थाल्छ । यही कुरा मनोवैज्ञानिक लघुकथा 'सर्प' मा देखाइएको छ । यसरी कथाकारले मान्छेले आवेगजन्य कुण्ठाहरू दमन गर्दा मानसिक विकृति उत्पन्न हुन्छ र त्यसले कुनै न कुराको माध्यमबाट प्रकट भएर निकासको बाटो खोज्छ भन्ने कुरा यस लघुकथामा देखाएका छन् ।

संसारमा एकथरि सीमित मान्छेले असिमित स्रोत र साधनमाथि कब्जा जमाएर धनी भए भने उचित स्रोत र साधन नपाएर अर्कोथरि गरिब भए । धनीले विभिन्न जालझेल गरेर गरिबलाई दुःख दिए । जीविकोपार्जन गर्न गरिबले प्रशस्त पसिनाका साथै आँशु बगाए । त्यसैले सारा समुद्र नै नुनिलो भयो । यही कुरा 'समुद्र' शीर्षकको लघुकथामा देखाइएको छ । यस लघुकथामा पौडेलले विश्वमा धनी र गरिबबीचको विषमता अनि गरिबमाथि हुने अन्याय र अत्याचारलाई मार्क्सवादी दृष्टिका साथ चित्रण गरेका छन् । समुद्र नै नुनिलो पार्न सक्ने गरिबका नुनिला आँशु र पसिनाले धनी र सामन्ती वर्गलाई पनि गाल्न सक्ने कुराको सङ्केत यस कथामा पाइन्छ ।

## ५. कृष्ण शाह 'यात्री'

पूर्वी नेपालको उदयपुर जिल्लामा जन्मेर काठमाडौंलाई कर्मक्षेत्र बनाउँदै आएका कृष्ण शाह 'यात्री' नेपाली नाटक र रङ्गमञ्चसँग सम्बद्ध नाम हो । दर्जनौं नाटकको लेखन तथा सफल निर्देशन गरिसकेका यात्रीले नेपाली लघुकथाको क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान दिएका छन् । समाजका समसामयिक, राजनैतिक, सामाजिक, आर्थिक, विकृतिको साथै मानवीय दुर्गुणहरूलाई साङ्केतिक एवम् प्रतीकात्मक किसिमले व्यङ्ग्य गरी लघुसंरचनामा, कथा सिर्जना गर्न सिपालु यात्रीका 'सूक्ष्म शिखाहरू' (२०५६) र 'आणविक अस्त्र' (२०६४) लघुकथासङग्रहहरू प्रकाशित छन् ।

'क' र 'ख' दुबै प्रजातन्त्रको निम्ति लड्छन् । निस्वार्थ भावनाले लड्ने 'क' आन्दोलनकै क्रममा सहिद हुन्छ भने 'ख' प्रजातन्त्र प्राप्ति पश्चात् मन्त्री हुन्छ । 'क' को छोरो विद्यालयको शुल्क तिर्न नसकेर विद्यालयबाट निकालिन्छ । 'ख' को छोरो पढ्न विदेशतिर जान्छ । अन्त्यमा 'क' को छोरो पुराना कागज बेचेर जीविकोपार्जन गर्छ भने 'ख' को छोरो 'सहिद स्मृति प्रतिष्ठान' को अध्यक्ष हुन्छ । यही कथासार भएको 'नियति' लघुकथा प्रजातन्त्रका लागि निस्वार्थी भावनाले लड्ने सहिदहरूको वास्तविक कथाव्यथा हो । यसमा सहिद परिवारले भोग्नुपर्ने अत्यन्त कारूणिक दुःखदायी जिन्दगीको चित्रण छ । यस

लघुकथामा अवसरवादी एवम् स्वार्थी नेताहरूले सच्चा सहिदको त्याग र बलिदान अवहेलना गर्ने परिपाटीलाई अति मार्मिक एवम् कारूणिक किसिमले चित्रण गरिएको छ ।

'शोक' आजको मान्छेहरूमा हराउँदै गएको मानवीयताप्रतिको तीखो व्यङ्ग्य हो । यस लघुकथामा असिनापानीको चुटाइले खाते बालक मर्छ । लास देखेर मान्छेहरू तर्केर हिंड्छन् । असिनापानीकै चुटाइले अर्को छेउमा काग पनि मर्छ । मरेका काग वरिपरि थुप्रै कागहरू जम्मा हुन्छन् अनि रूँदै कराउँदै शोक प्रकट गर्छन् । यसरी कथाकार 'यात्री' ले यस लघुकथामा मान्छेमा पशुपन्छीमा जति पनि अपनत्वको भाव नभएको देखाएर मान्छेले कागबाट मानवीयताको पाठ सिक्नु पर्ने कुरो औंल्याएका छन् ।

'पराजित मुद्दा' नेपाली राजनीति क्षेत्रको यथार्थ चित्रण हो । जनताको त्याग, तपस्या र बलिदानबाट प्राप्त प्रजातन्त्रलाई नेताहरूले कसरी कमाइ खाने भाँडो बनाएका छन् भन्ने कुरा यस लघुकथामा देखाइएको छ ।

## ६. रवीन्द्र समीर

वि.सं. २०३० सालमा गुल्मीमा जन्मेका रवीन्द्र समीर पेशाले चिकित्सक भए पनि नेपाली लघुकथाका क्षेत्रमा एक उल्लेखनीय नाम हो । खास गरी राजनैतिक र सामाजिक विकृतिहरूप्रति बिद्रोहात्मक व्यङ्ग्य गरी लघुकथा सिर्जना गर्न सिपालु समीरका 'तेस्रो आँखा' र 'पोस्टमार्टम' नामक लघुकथासङ्ग्रहहरू प्रकाशित छन् ।

खुल्ला सडकमा भेटिएको बेवारिसे लासको मृत्युको कारणलाई लिएर मान्छेहरू अनेक तर्क वितर्क गर्छन् । राजनैतिक दलहरूले राजनैतिक रङ्ग समेत दिन्छन् । अन्त्यमा शवको परीक्षण हुन्छ र लामो समयदेखि केही खान नपाएकोले मृत्यु भएको कुरा प्रमाणित हुन्छ । यही कुरा 'शव परीक्षण' लघुकथामा देखाइएको छ । यस लघुकथाले साङ्केतिक रूपमा राजधानीभित्रको धेरै गतिविधिको प्रतिनिधित्व गरेको छ । सबैभन्दा महत्त्वपूर्ण कुरा त राजधानी जस्तो हरेक सुख सुविधाले सम्पन्न सहरमा खान नपाएरै ज्यान गुमाउनु पर्ने अत्यन्त कारूणिक एवम् मार्मिक पक्षलाई व्यङ्ग्यात्मक किसिमले यस लघुकथामा देखाइएको छ ।

तिलहरी, औंठी, फूली, ढुङ्ग्री जस्ता आफ्ना सम्पूर्ण गहना बेचेर श्रीमती बिरामी लोग्नेको उपचार गराउँछिन् । रातदिनको सेवा, शुश्रुषाले मात्र नपुगेर रक्तदान समेत

गर्छिन् । श्रीमतीको रातदिनको देखभाल, स्याहार सुसार र सेवा शुश्रुषा पाएर लोग्ने निको हुन्छ तर धेरै दिनको भोक प्यास, निद्रा र थकाइले श्रीमती बिरामी पर्छिन् । लोग्नेले श्रीमतीको सामान्य उपचार गराउँछ तर तत्कालै निको नभएपछि अर्को विवाह गर्छ । 'ऋण मोचन' लघुकथामा यही कुरो देखाइएको छ । श्रीमतीको स्याहार, सुसार, सेवा शुश्रुषाबाट आफूमाथि लागेको ऋण लोग्नेले उनैमाथि सौता हालेर मोचन गरेको अवस्था यस लघुकथामा अत्यन्त व्यङ्ग्यात्मक पाराले चित्रण गरिएको छ ।

बालक र बृद्ध अवस्थामा मान्छेका हरेक विशेषताहरू समान हुन्छन् । दुबै अवस्थामा मान्छेलाई आफन्तहरूको माया, स्नेह, सहारा, सेवा जस्ता कुराहरू अत्यन्त आवश्यक पर्छ तर उक्त कुराहरू बालकलाई सुलभ छ भने बृद्धालाई अति दुर्लभ छ । यही कुरो 'क' र 'ख' लघुकथामा देखाइएको छ । कथाकार समीरले बृद्ध अवस्थामा बृद्धबृद्धालाई आफन्तहरूको माया, ममता, स्नेह, सेवा र सहारा झनै आवश्यक परे पनि आफन्तहरूबाटै उपेक्षित हुने विडम्बनापूर्ण स्थितिको सहज चित्रण गरेका छन् ।

# दोस्रो खण्ड

## बन्द

“हाम्रो चन्दा सङ्कलन अभियानमा व्यवधान पुऱ्याउन खोजेकोले सामान्य कारबाही गर्ने क्रममा त्यसको ज्यान गयो, अव के गर्ने ?”

“तिमीहरूले गरेको कारवाही अरू कसैले देखे देखेनन् ?”

“कसैले देखेका छैनन् ।”

“त्यसो भए अहिले आ-आफ्नो घर जाओ । भोलि बिहान सीधै घटनास्थलमा आउनू ।”

निष्पट्ट अँधेरी रातमा साउती गर्दै उनीहरूले एक आपसमा सल्लाह गरे ।

भोलिपल्ट उनीहरू घटनास्थल पुग्दा प्रशस्त मान्छेहरू जम्मा भैसकेका थिए । लासको प्रकृति देखेर सबैजना अज्ञात हत्याराको क्रूरता, पाशविकता र राक्षसी प्रवृत्तिको घोर निन्दा गर्दै थिए । भीड पन्छाउँदै उनीहरू सरासर लास नजिक गए । एउटाले झोलाबाट तारा अङ्कित रातो झन्डा झिकेर लासलाई ढाकिदियो र त्यहीबाट घोषणा गऱ्यो, “जबसम्म सरकारले हत्यारा पत्ता लगाएर उचित कारवाही गर्दैन, तबसम्म आजैको मितिदेखि हाम्रो आन्दोलन जारी रहनेछ ।”

“वीर सहिद .........जिन्दावाद ।”

“क्रूर हत्यारा ........मुर्दावाद ।”

“वीर सहिद ..........घोषणा गर ।”

“हत्यारालाई ..........कारवाही गर ।”

-l-

## उँचो सिर

गाउँको मन्दिरको प्राचीन मूर्ति असुरक्षित ठानी उसले बडो सुरक्षित किसिमले सीमा कटायो ।

भगवानको मूर्ति सुरक्षा गर्ने पुण्य कार्य गरेकोमा उसलाई प्रशस्त लाभ भयो । त्यसैले उसको सानो घर एकाएक भव्य महलमा परिणत भयो ।

ऊभित्र भगवानप्रतिको आस्था अनि अनुराग झन्-झन् बढ्दै गयो । त्यसैले उसले त्यस्ता कैयौं मूर्तिहरूको सुरक्षित ठेगान लगाइसकेपछि अन्त्यमा आफ्नो भव्य महलको थाप्लोमै एउटा सुन्दर मन्दिरको स्थापना गऱ्यो ।

उक्त मन्दिरको स्थापनापछि उसले आफ्नो मात्र नभएर सारा टोलवासीको नै शिर उँचो भएको ठान्यो । किनकि सारा टोलवासी उसको महलमाथि रहेको उक्त मन्दिरको टल्केको गजुर ठाडो मुन्टो लाएर हेर्ने गर्छन् ।

-l-

## प्रेम उपहार

क्याम्पस प्रवेशको पहिलो दिन नै उनीहरूका आँखा जुधे । दुवैका चार आँखा एक भए । दुवैले एकअर्काका आँखामा खै के पाए ? तर दुवै केहीक्षण एकोहोरिए । अन्त्यमा केही नबोली मधुर मुस्कानका साथ दुवै विदावारी भए ।

त्यसपछि त उनीहरू क्याम्पसमा एक नामुद जोडीका रूपमा प्रसिद्ध भए । कहिलेकाहीँ क्याम्पसका समयमा टाढा-टाढा एकान्तमा गएर आ-आफ्ना मनका भावनाहरू साटासाट गर्न पनि थाले । यसरी एकान्तमा भेटघाट गर्ने क्रममा उनीहरूले आफू-आफूलाई प्रेमको त्यो अवस्थामा पनि समर्पण गरे, जुन क्षण (अवस्था) विवाहको निम्ति साँच्नुपर्छ भन्ने सामाजिक मान्यता रहिआएको छ । यद्यपिः त्यो मान्यता सिद्धान्तमा मात्र सीमित नै किन नहोस् ।

केही समयपछि उनीहरूको भेटघाट निकै पातलिँदै गयो । केटीको शरीरमा आएको अस्वाभाविक परिवर्तन थाहा पाएर पनि समाज बोल्न सकेन । सायद समाजसेवी भनाउँदा धनी बाबुको प्रभावले होला, तर आफ्नो शरीरमा आएको परिवर्तनलाई महसुस गरेर केटीले केटोलाई भेट्ने धेरै प्रयास गरी । बल्ल बल्ल चार महिनापछिको एक भेटमा आफूहरूको प्रेमको निशानी आफ्नो पेटमा हुर्कंदै गएको कुरो बताएर झट्टै विवाह गरौँ भनी ।

केटीको कुरामा केटाले पनि समर्थन जनायो । चाँडै नै फेरि भेटेर विवाह गर्ने वचन दिएर केटो बिदावारी भयो । त्यही वचनमा विश्वास गरेर केटी धेरैदिनसम्म प्रतीक्षारत रही तर केटो फर्केर आएन । केटीले धेरै दिनसम्म केटोको बाटो हेरी तर सब व्यर्थ । केटो फर्केर आएन । हुँदा-हुँदा केटीको पनि प्रतीक्षाको बाँध टुट्यो । त्यसैले आँसु पुछी, भारी शरीर लिएर जुरूक्क उठी अनि कुन्नि के-के सोच्दै आफ्नो उठेको पेट एकटकले हेरिरही ।

आज सात-आठ महिनापछि पुनः ऊ (केटी) हल्का र स्फूर्तिलो शरीर लिएर रवाफिलो पाराले क्याम्पस आई । अन्ततः के चाहियो र ? नालामा भेटिएको एउटा नवजात शिशुको सड्न लागेको मृत शरीरले तात्तातो (ताजा) खबर बनेर स्थानीय समाचारपत्रमा राम्रैसँग स्थान पायो ।

-l-

## क्षयोन्मुख अस्तित्व

**बाबुः**

ससुराली जान लाग्दा श्रीमतीले उसलाई कन्तुरबाट झिकेर एउटा चीज थमाइदिइन् । धुलो मैलो लाग्ला भनेर उसले त्यो चीज बडो जतनसाथ गोजी मै राख्यो । ससुराली पुग्न लाग्दा मात्र उसले त्यो चीज गोजीबाट निकाल्यो र बडो गर्वसाथ ढल्काउँदै उकालो लाग्यो ।

**छोरोः**

ससुराली जान लाग्दा उसलाई पनि आमाले त्यही चीज दिनुभयो । बाटाभरि मात्र नभै ससुराली पुग्दा पनि उसले सङ्कोच मानेर त्यो चीज निकालेन । गोजीमै राख्यो ।

**नातिः**

ससुराली जान लाग्दा उसलाई पनि हजुरआमाले त्यही चीज दिनुभयो । उसले पनि त्यो चीज गोजी मै राख्यो । ससुराली पुग्न लाग्दा एकाएक उसको नजर आफ्नो गोडाको 'पार्टी सुज' मा पऱ्यो । धुलोमैलो लागेको रहेछ । उसले तत्कालै गोजीबाट हजुरआमाले दिनुभएको चीज झिक्यो र जुत्ता पुछपाछ गरेर फ्याँक्यो ।

बाबु, छोरा र नातिले क्रमशः आ-आफ्नै किसिमले प्रयोग गरेको उक्त चीज 'नेपाली ढाका टोपी' थियो ।

-l-

## आधुनिक पुजारी

पुस माघको चिसो सिरेटोमा पनि उनी सूर्य उदाउनुभन्दा अगावै नुहाइ-धुवाइ गरी आउँथे । साँझ बिहानका अधिकांश समय पूजापाठमै बिताउँथे । उनको धर्मप्रतिको प्रगाढ आस्था, विश्वास र झुकावलाई सबैजना मुक्तकण्ठले प्रशंसा गर्थे । त्यसैले आधुनिक व्यस्त त्यस सहरमा 'कलियुगका सन्त' भन्ने उपनामले प्रसिद्ध थिए उनी ।

एकाएक उनी दुब्लाउँदै गए । तारन्तार खोक्न पनि थाले । बेला-बेलामा थला परे पनि उनले आफ्नो नित्यकर्ममा भने रत्तिभर विचलन आउन दिएनन् ।

एकपटक उनी नराम्ररी थला परे । उनलाई हेर्न आउने मान्छेहरूको घुइँचो लाग्यो । सबैले डाक्टरकहाँ जचाउन लैजानुपर्छ भने तर उनी मानेनन् । 'यो सबै मेरो प्रारब्धको फल होला' भन्दै आफूलाई एक्लै छोड्न सबैसँग अनुनय विनय गरे । अन्त्यमा डाक्टर त्यहीं बोलाएर उपचार गर्ने बन्दोवस्त गरियो ।

निकैबेरको जाँचबुझपछि डाक्टरले रगत परीक्षण गर्नुपर्ने सल्लाह दिए । परीक्षणको निम्ति रगत पठाइयो । रगत परीक्षणको नतिजा आएपछि मानिसहरू नतिजा हेर्दै क्रमशः बाहिरिन थाले । घुइँचो पातलिंदै गएपछि मैले पनि गएर रगत परीक्षणको नतिजा हेरें । नतिजामा लेखिएको थियो एच्.आइ.भी. पोजिटिभ ।

-l-

**अन्तर**

त्यतिखेर ऊ केही थिएन । सङ्घर्षरत थियो । त्यस बखत उसले धेरै समस्या र अभावहरूसँग सामना गर्नु परेको थियो । तर पनि ऊ कहिल्यै विचलित र हतोत्साही भएन । हुन त चाँहदा उसलाई हर किसिमले सहयोग गर्न सक्ने हैसियत भएको उसका आफन्तहरू पनि त्यस सहरमा प्रशस्त थिए र पनि ऊ आशावादी भएर आफन्तहरूकहाँ कहिल्यै गएन । आफन्त र नातेदारको हैसियतले कहिलेकाहीं भेटघाट गर्न जाँदा पनि उनीहरू धेरै आयो भनेर गुनासो गर्थे ।

आज ऊ आफ्नो अथक प्रयास र लगनशीलताले एक सफल गायक तथा सङ्गीतकारको रूपमा स्थापित भैसकेको छ । यस क्रममा उसले थुप्रै प्रशंसकहरू बटुलिसकेको छ । यहाँसम्म आइपुग्दा उसले प्रशस्त नामका साथै दाम पनि कमाइसकेको छ । अति व्यस्त हुँदाहुँदै पनि ऊ समय मिलाएर आफन्तहरूकहाँ भेटघाट गर्न बराबर गैरहन्छ । अनि हिजोआज पनि उसका आफन्तहरू ऊसँग गुनासो गर्दछन् तर पहिले जस्तै धेरै आयो भनेर होइन, कहिल्यै आएन भनेर ।

-l-

## धन्दा

उसको वास्तविक नाम के हो ? कसैलाई थाहा छैन । उसको जन्म मावल (आमाको माइत) मा भएकोले सबै उसलाई माइते भन्थे ।

माइते वास्तवमा नाम अनुसारकै थियो । मतलव गाउँका छोरी चेलीलाई खूब आदर र श्रद्धा गर्थ्यो ऊ ।

सानैदेखि सोझो, इमान्दार, लगनशील र अनुशासित माइतेले सहर पसेको वर्षदिन भित्रै गरेको प्रगति देखेर गाउँलेहरू दङ्ग परे । सबैले उसको तीव्र प्रगतिको कारण उसको इमान्दारिता, लगनशीलता र अनुशासन नै हो भन्ने ठहर गरे ।

सहर फिर्ने वेलामा केही निमुखा गाउँलेहरूले माइतेमाथि ठूलो भरोसा राखेर जागिरको निम्ति आफ्ना हुर्केका छोरीहरू माइतेसँगै सहर पठाए ।

थाहा छैन ती निर्दोष ग्रामीण चेलीहरू आज भारतको कुन सहरमा कस्तो जीवन व्यतित गर्दैछन् ? तर यता माइतेको प्रगति भने झन् ह्वात्तै चुलियो ।

अब त माइतेलाई उसको कुकृत्यको अभियोग समेत लाग्दैन । कारण कानुनका रखवाला भनाउँदाहरू नै 'माइकलबाबु' भनेर माइतेको सम्मान गर्छन् ।

-l-

## विकृति

सडकसँगै गाउँमा मोटरगाडी भित्रिएपछि सारा गाउँलेहरूको खुसीको सीमा रहेन । सबैले आफूहरूका दुःखका दिन गए भन्ने ठाने ।

बिस्तारै बाहिरी मान्छेहरूको आवतजावत बढ्दै गए पछि त झन् ब्यापार व्यवसायसँगै आम्दानी पनि फस्टाउँदै गयो त्यस गाउँको ।

हिजोसम्म नयाँ मान्छे देख्दा लुक्ने, भाग्ने, बोल्न धक मान्ने र सारा जिन्दगी नै खेतीपाती, वनजङ्गल, घाँस दाउरा, मेलापातमा सीमित गाउँलेहरूको जीवन शैलीमा समेत परिवर्तन ल्याइदिएकोले सारा गाउँलेहरू कृत-कृत्य भए सडक र मोटरगाडीप्रति ।

समय बित्दै जाँदा निश्छल, निष्कपट ती गाउँलेहरूको सडक र मोटरगाडीप्रतिको त्यो उच्च आस्था, सम्मान र श्रद्धा एकनासको रहन सकेन । विस्तारै खुकुलिदै जान थाल्यो ।

जाने त गैगए तर घर घरै आफ्ना अविवाहित छोरीचेलीले पालैसँग नाति नातिनी जन्माउन थालेपछि पो गाउँलेहरूले सारा देवीदेवता भाकेर धारे हात लाउँदै सराप्न थाले सडक र मोटरगाडीलाई ।

-l-

## खाडल

माथि पुग्नेबित्तिकै 'क' ले विकासको प्रमुख वाधक तत्त्व त्यही खाडल हो भन्ने ठहर गऱ्यो र एक चपरी माटो खन्यो उक्त खाडल पुर्नको निम्ति ।

त्यसपछि 'ख', 'ग', 'घ' . . . जो जति आए, सबैले त्यसै गरे ।

यसरी माटो खन्दै जाने क्रममा उक्त खाडलभन्दा विशाल अर्को नयाँ खाडलले जन्म लिइसक्दा पनि उक्त पुरानो खाडल ज्यूँका त्यूँ छ भने नयाँ खाडल फराकिने क्रम जारी छ ।

अब त बुझिसक्नु भयो होला कि पुरानो खाडल 'गरिबी' को र नयाँ खाडल धनी र गरिब बीचको 'दूरी' हो भनेर ।

-l-

## भ्यालेन्टाइन डे

भ्यालेन्टाइन डे अर्थात् प्रणय दिवसको अवसर पारेर रूबिना बेग्लै हर्षोल्लासका साथ आफ्नो प्रेमी प्रकाशलाई भेट्न तोकेको समयभन्दा अगावै निर्धारित स्थानमा पुगिन् । लामो समयसम्म प्रतीक्षा गर्दा पनि प्रकाश नआएपछि उनी निराश हुँदै फर्किन् ।

फर्किंदा बाटा नजिकै रहेको पार्कमा प्रकाशलाई देखेर रूबिना टाउकोमा कठोर बज्रपात परे झैँ रन्थनिन् । कारण प्रकाशको काखमा एउटी अपरिचित युवती त्यसरी पल्टेकी थिइन्, जसरी उनी पल्टिने गर्थिन् । अनि प्रकाश छरिएको तिनको केशराशि केलाउँदै थियो ।

प्रकाश नहुन पनि त सक्छ भन्ने झिनो आशा राखेर रूबिनाले फोन गरिन् । प्रकाशले उता फोन उठाएपछि उनको सारा शरीर फतक्क गलेर आयो । 'तिमी कहाँ छौ ?' नचाहाँदा-नचाहँदै पनि रूबिनाको मुखबाट प्रश्न फुत्कियो ।

'रूबी, अहिले म अस्पतालमा छु । हेरन, आमालाई अचानक के भयो, भयो ?'

'..............................'

उता प्रकाशको आमालाई के भएको थियो ? प्रकाश नै जानून् तर उसको जवाफले यता रूबिनालाई भने के भयो ? रूबिना डङ्गरङ्ग पछारिइन् ।

-l-

## परेवा, शान्ति र स्वतन्त्रता

लामो समयदेखि चलेको गृहयुद्ध 'विराम' भएको घोषणाका साथ दिगो शान्तिको कामना गर्दै सेता परेवा उडाइन्छन् ।

हातबाट छुटेर स्वतन्त्र भएको परेवाले पखेटा फट्कार्दै खुल्ला आकाशमा गति लिन मात्र के लाग्छ, अकस्मात् चीलले झम्टा मारी स्वतन्त्र उड्ने उसको अधिकार क्षणमै चट् पारिदिन्छ ।

भनिरहनु नपर्ला कि चील अमेरिकाको 'राष्ट्रिय पन्छी' हो ।

-l-

## डाले घाँस

घरको कामदार गोगने विरामी भएपछि घरको काम गर्न धर्मानन्द पण्डितले उसैकी श्रीमती चम्पालाई बोलाए, जो भर्खरै मात्र गोगनेसँग प्रेम-विवाह गरी आएकी थिई ।

एकदिन पण्डित अर्को गाउँबाट फर्किंदा पण्डितनी बाटाको छेवैमा रहेको रूखमुनि डाले घाँस बटुल्दै थिइन् भने चम्पा रूखमाथि चढेर हाँगा छिनाल्दै थिई । सँगै घर फर्किने बिचार गरी पण्डित पनि घाँस बटुल्न थाले । केही बेरपछि 'यति भए पुग्छ, अब झर् है चम्पा' भन्दै पण्डितले माथि यसो के हेरेका थिए, बूढा त्यसै जिल्लिए ।

भोलिपल्ट नाम्लो, डोरी, हँसिया बोकी चम्पा घाँस काट्न हिंड्न लाग्दा स्वास्नीलाई रोक्दै पण्डितले भने, 'तँ धेरै थाकेकी होलिस् बूढी, घाँस बटुल्न म आफै जान्छु ।'

-l-

## अदेखा शत्रु

घना जङ्गलको यात्रा थियो । बाटामा झेल्नुपर्ने समस्या तथा सम्भावित दुर्घटनाहरूबाट बच्न उसले पूर्व सावधानी अपनायो ।

घामपानीबाट बच्न छाता र वर्षादी बोक्यो । सर्प, विच्छी, खजुरो इत्यादिबाट जोगिन घुँडासम्म ढाक्ने बुट लगायो र हातमा एउटा दऱ्हो लट्ठी लियो । जुकाबाट बच्न थोरै नून र अमिलो बोक्यो । बाघ, भालु जस्ता हिंस्रक जन्तुबाट जोगिन भयानक देखिने टाटेपाङ्ग्रे पोशाक (लुगा) लगायो र सजिलै झिक्न मिल्ने गरी कम्मरमा खुकुरी भिऱ्यो । त्यस्तै हात्ती, गैँडा आदिबाट बच्न राँको बाल्न थोरै मट्टीतेल र पुरानो कपडा बोक्यो ।

लगभग पूर्ण तयारी भैसकेपछि सतर्कता र होसियारी अपनाउँदै ऊ बाटो लाग्यो तर त्यस्तो कुनै पनि अप्रिय घटनाको सामना गर्नै नपरी उसले जङ्गल लगभग पार गऱ्यो । केहीपर खेत र फाट्टफुट्ट घरहरू देखिन थालेपछि उसले निर्धक्कको लामो सास फेर्न मात्र के लागेको थियो, अकस्मात् ऊमाथि साङ्घातिक हमला भयो तर ती हमलाकारी उसले सोचेजस्तो कुनै हिंस्रक जङ्गली जन्तु नभएर संसार कै विवेकशील र सर्वश्रेष्ठ प्राणी मानिएको मानवजाति थियो ।

-l-

## सम्मान

लामो समयको अन्तरालपछि म त्यस ठाउँमा गएँ । त्यहाँ मानिसहरूको ठूलो जमघट थियो । एक मिनेटको मौन धारणपछि त्यहाँ एक समाजसेवी र उसका योगदानहरूका बारेमा ठूलो चर्चा परिचर्चा भयो । हिजोसम्म परिवर्तन र समाज सुधारको कुरा गर्दा उसलाई पागल, समाज भड्ुवा र देशद्रोहीको समेत संज्ञा दिने त्यही समाजले आज उसको खुलेर प्रशंसा गऱ्यो ।

अन्त्यमा सम्मानार्थ त्यस ठाउँमा उसको सालिक बनाउने निर्णय भयो र शिलान्यासको निम्ति उसको आफन्तको खोजी भयो । हेर्दा-हेर्दै उपस्थित सम्पूर्ण मानिसहरू उसका आफन्तका रूपमा प्रस्तुत भए अनि कुनै न कुनै साइनो लगाएर आफूलाई उसको नातेदारका रूपमा दाबी गरे ।

जन्म दिने बाबुआमाको समेत थर ठेगान नभएको सडकछाप बेवारिसे र हिजोसम्म सर्वत्र उपेक्षित त्यस केटोको आज यति धेरै आफन्तहरू देखेर मलाई हाँसो उठ्यो र उपेक्षाको भावना फिस्स हाँसेर कसैले थाहा नपाउने गरी लुसुक्क भीडबाट बाहिरिएँ । किनकि त्यो सम्मान गरिन लागेको व्यक्ति अरू कोही नभएर म आफै थिएँ ।

-l-

**रहस्य**

ढल्किंदो उमेरमा, आफूसँगै काम गर्ने, आफूभन्दा झण्डै आधा उमेरकी भुनियाँलाई ललाइ-फकाइ आफूसँग विवाह गराइदिएकोमा एउटा हात नभएको डुँडे रामानन्दन आफ्नो मालिक अन्सारीबाबुप्रति कृतज्ञ भयो ।

विवाहपछि उनीहरू दुवैलाई सम्पूर्ण पैतृक ऋण मिनाहा गरेर कमैया कम्लरीबाट मुक्त गर्दै स्वतन्त्र जिन्दगी जिउनको लागि घर समेत बनाइदिएपछि त झन् रामानन्दनले आफ्नो मालिकलाई भगवान नै ठान्यो ।

अन्सारीबाबुको त्यस कार्यको प्रशंसा सबैतिर फैलिएको केही समयपछि रामानन्दन र भुनियाँको गर्भबाट छोरो जन्म्यो तर बच्चाको रूप काटीकुटी आफ्नो मालिकसँग मिलेको देख्दा पो रामानन्दन नमिठोसँग झस्क्यो ।

-l-

## निसाफ

रविशङ्कर, एक सफल अनि प्रख्यात कानुनविद् । हात हालेजतिका मुद्दामा कहिल्यै पराजित नभएको कारण 'कानुनी सिंह' उपनामले चिनिन्छ उसलाई ।

एकपटक उसकहाँ एउटा जटिल मुद्दा लडिदिने प्रस्ताव आयो । पहिले त ऊ मुद्दाको प्रकृति सुनेर झस्क्यो पनि । कारण बलात्कारपछि विभत्स किसिमले हत्या गरिएको मुद्दा सुल्झाउनु पर्ने थियो । अपराध जति जघन्य भए पनि अपराधी देशको कहलिएको व्यक्तिको छोरो थियो । त्यसैले त्यो मुद्दा उसले जिम्मा नलिए पनि अपराधीको जीत अवश्यम्भावी थियो । अरूको हातबाट जीत हुन दिनुभन्दा आफ्नै हातबाट किन नजिताउँ ? भन्ने सोचेर त्यो मुद्दा उसैले जिम्मा लियो । आखिर पहुँचैको कुरा न थियो । घटनास्थलको विना भ्रमण विना निरीक्षण चारतारे होटलको एउटा कोठामा बसेर सवथोक मिलाइयो र अन्तिम निष्कर्ष 'बलात्कार नभएको र मृत्यु पनि आत्महत्याबाट भएको' भन्ने निकालियो ।

ठूलो मान्छेको मुद्दा सुल्झाउन पाएको र प्रतिफलमा मिलेको गर्‍हौं ब्रिफकेश बोकेर ऊ रवाफिलो पाराले घर पुग्यो । ऊ घर पुग्ने बित्तिकै उसकी श्रीमती उसलाई छाँद हाल्दै मूर्छा परिन् । किनकि त्यस जघन्य अपराधको सिकार अरू कोही नभएर उनीहरूकी एक्ली छोरी भएकी थिइन् ।

-l-

## पृथक दृश्यहरू

**दृश्य नं. १**

(विहानको समय, मन्दिर परिसर, मान्छेहरूको भीड)

'मूर्ति तस्करहरूले अपहरण त गरेन ?'

'कतै बूढो (पुजारी) आफै मूर्ति बोकेर ........'

'होइन, मूर्ति त छँदैछ ।'

'पुजारीजी बारम्बार काशी, गया, विन्ध्याचल इत्यादिका नाम लिइरहन्थे । त्यतै लागे जस्तो छ ।'

पुजारीको आकस्मिक पलायनको विषयलाई लिएर उठेका फरक-फरक मान्छेका फरक-फरक मतहरू ।

**दृश्य नं. २ अर्थात् पूर्व दृश्य**

(गाढा साँझ, मन्दिर परिसर भित्रको पाटी)

कर्कश आवाजको नारी चित्कार ।

मेरो हातको टर्चलाइटको प्रकाशमा झल्किन्छ एउटा अकल्पनीय दृश्य ।

त्यस पाटीमा बस्दै आएकी लाटी अर्धनग्न अवस्थामा ।

कापिरहेकी जाडोले होइन, डर, त्रास र भयले ।

उनको ठीक अघिल्तिर मन्दिरको पुजारी, जसको हातमा लाटीको चोलीको एउटा ठूलो टुक्रा ।

**दृश्य नं. ३**

(पाटीको प्राङ्गण)

च्यातिएको चोलीको टुक्रालाई सिउने प्रयास गरिरहेकी सोही लाटी ।

## पछुतो

'वीरवल दाइ, अब त परिवार नियोजन गर्नुपर्छ ।' एक-एकवटा छोराछोरी भैसकेपछि वीरवललाई छिमेकी हर्केले सल्लाह दिएको थियो ।

'ईश्वरले पोल्टामा हालिदिए जति सन्तान पनि थेग्न नसक्ने तिमीहरू जस्ता नामर्द हुँ र म ?' ठूला जमीनदार बाबुका एकमात्र छोरो वीरवल पैतृक सम्पत्तिको उन्मादमा यस्तै जवाफ दिने गर्थ्यो ।

ईश्वरले दिएजति वर्षेनी हात थाप्ने क्रममा ऊ एक दर्जन छोराछोरीको धनी बाबु भयो ।

फराकिलो जग्गा जमीनको उन्मादले समयमै कहीं कतै हात नहालेको वीरवलले छोराछोरी हुर्काउने बढाउने क्रममा नै उसको खाने बस्ने जमीन निकै खुम्चिसकेको थियो ।

जेठी छोरी र जेठो छोरोको विवाह गर्दा जमीनको ठूलो चाक्ला चोइटिएपछि उसले अन्य छोराछोरीको विवाहबारे सोच्ने हिम्मत नै गर्न सकेन ।

माहिलो छोरोले गाउँकै सार्कीकी छोरी टिपेर हिंडेको खबर सेलाउन पाएको थिएन, पुनः अर्को हल्ला वीरवलको घरको इज्जतमाथि धावा बोल्दै गाउँघरतिर सलह झै फैलिन थाल्यो ।

एकदिन उसले अलि गौर गरेर छोरीहरूको निरीक्षण गर्‍यो । माइली र साइँलीको क्रमशः घट्दै गएको जोवन र कान्छी छोरीको बढ्दै गएको पेट देखेर ऊ नराम्रोसँग झस्क्यो । अनि एकातिर थुचुक्क बसेर मनमनै गम्यो, 'यदि पहिल्यै हर्केको सल्लाह मानेको भए ............ ।'

-l-

## तिरस्कार

एकादेशको कुरा हो, त्यस देशमा व्याप्त कुशासन र त्यसबाट उब्जेका भ्रष्टाचार, अन्याय, अत्याचार, विकृति, विसङ्गति, व्यभिचार र आपसी बैमनस्यताका कारण महाप्रलय भयो । त्यस महाप्रलयबाट कोही बचेनन् । साराका सारा सखाप भए ।

जमीनमा ढलेका लासहरू मोटामोटी तीन प्रकारका देखिन्थे ।

पहिलोः कमला फलमासु र बोसोदार मांशपेशीले युक्त चिल्ला पोटिला शव,

दोस्रोः ठीक्क मांशपेशीले युक्त पुष्ट शव र

तेस्रोः हाड छाला मात्र बाँकी रहेका ख्याउटे शव ।

केहीबेरपछि, लामो समयदेखि भोकाएका गिद्धहरू हूलका हूल झर्न थाले र लुछ्दै मान्छेका मासु खान थाले । तर अचम्म ! प्रायः सबै गिद्धहरू तेस्रो दर्जाका लासमा मात्रै झुत्तिए । भीडभाडमा प्रतिस्पर्धा गर्न नसक्ने बच्चा र बृद्ध झैं देखिने गिद्धहरूले मात्र दोस्रो दर्जाका लासका सामु नरूचाइ नरूचाइ खाए भने प्रथम दर्जाका लास एउटै गिद्धले पनि छोएनन् ।

किन छोएनन् ? थाहा भएन तर यति चाहिं प्रस्ट थियो कि तेस्रो दर्जाका लास साधारण जनता र मजदुरका थिए भने दोस्रो र पहिलो क्रमशः सरकारी कर्मचारी र नेताका थिए ।

-l-

## सन्निपात

लामो समयदेखि बिरामी उनको हालत एकपटक नराम्रोसँग बिग्रियो । उनलाई हेर्न उनका सम्पूर्ण सन्तानहरू जम्मा भए । उनको होस खुलेको थिएन ।

'आज ह्यारिस (सालीको छोरो) को पास्नी । यहीं दुई बजिसकेछ । म त निस्कैं है ।' साँहिलो बाहिरियो ।

'ठूला-ठूला विदेशी पाहुनाहरू विमानस्थल उत्रिसके । उनीहरूलाई सोही अनुसारले स्वागत गर्नै पर्‍यो ।' माहिलो पनि चिल्लो कारसँगै चिप्लियो विमानस्थलतर्फ ।

'एउटा उद्घाटन समारोहमा नपुगी नहुने छ ।' जेठो पनि हुइँकियो एउटा नवनिर्मित चलचित्र भवनको उद्घाटनको निम्ति ।

'बल्ल-बल्ल विदेश भ्रमण गर्ने अवसर जुरेको छ । यस्तो अवसर कसरी गुमाउनू ?' कान्छो पनि जहाजसँगै आकाशियो । बाँकी अन्य सन्तान पनि यस्तै अनेक कार्यव्यस्तता देखाउँदै पालैपालो बाहिरिए ।

केही समयपछि उनको होस खुल्यो । चारैतर्फ नजर डुलाइन् । कुनै पनि सन्तान देखिनन्, देखिन् त केवल रोग, भोक, गरिवी, अशिक्षा, बेरोजगारी, महङ्गी, अभाव, अशान्ति, बन्द, हड्ताल, अपहरण, हत्या आदि इत्यादि । यो सब देखिसकेपछि उनको व्यथा झनै चर्केर आयो र उनी पुनः मूर्छा परिन् । अनि सन्निपात मै बर्बराउन थालिन्, 'अप्ठ्यारोमा पर्दा मलाई साथ दिने सन्तान अझै जन्माउन सकेकी रहिनछु । केही छैन, अझै पनि मेरो कोख बाँझिसकेको छैन र छातीको दूध निखिसकेको छैन, असल र योग्य सन्तानको निम्ति । त्यसैले म जस्तै प्रशव व्यथा पनि सहन तयार छु । अझै तयार छु ।'

यी सबै देखिसकेपछि स्वर्गीय सुखभोग व्यर्थ र निरर्थक ठान्दै पुनर्जन्म लिई तल (धरतीः नेपाल) झर्ने तरखर गर्न थाले धर्म, शुक्र, गङ्गा र दशरथ ।

-l-

## मिलेमतो

घरको आँगन सफा गर्ने क्रममा आँगनमा भएको काठको ठूलो मुढो केही पन्छाउने बिचार गरे नन्दराम बूढाले । सकी-नसकी केही परसम्म त ठेले तर केही जोड चलेन बूढाको । क्षणमै बूढा असिन-पसिन र लखतरान भएर त्यही मुढोमाथि थुचुक्क बसे ।

त्यही बेला रमेश एउटी केटीसँग गफ गर्दै टुप्लुक्क आइपुग्यो, जो विगत पाँच वर्षदेखि त्यही घरमा डेरा गर्दै आएको थियो ।

मुढा ठेल्दै बूढाले रमेशतिर हेरेर भने, 'आज किन अफिस जानु भएनछ त बाबु ?' यो प्रश्नमा रमेश अफिस नजानुको कारणभन्दा पनि आफूलाई मुढा ठेल्न केही सहयोग गरोस् भन्ने याचनाको भाव बढी राखेका थिए बूढाले ।

'अँ . . . आज जानै मन लागेन ।' भन्दै रमेश सरासर भित्र पस्यो ।

'धत् . . . कस्तो कुरा नबुझ्केको . . . ?' मनमनै यस्तै सोच्दै बूढा पुनः एक्लै सकी-नसकी मुढा ठेल्न थाले ।

त्यही आँगनको अर्को छेऊमा भने साना-साना एक हुल कमिला आपसमा मिलेर एउटा ठूलो मृत फट्याङ्ग्रा दुलोतिर घिसार्दै थियो ।

-l-

## उद्धार

विनाशकारी भूकम्पको सुरूवातसँगै म वेहोस भएँ । होस खुल्दा कम्मरमुनिको पूरै भाग पर्खालले थिचेको अवस्थामा मैले आफूलाई पाएँ । ठूलो कोलाहल मच्चिरहेको थियो । घरहरू एउटै पनि सद्दे थिएन । लासहरू यत्रतत्र छरिएका थिए । जीवित मान्छेहरू अनियन्त्रित पाराले यताउति दौडिरहेका थिए । कोही म जस्तै घरका पर्खाल, खम्बा, छत र अन्य गऱ्हौ चीजले थिचिएका चेपिएका थिए । घाइतेहरू हात पसारेर सहयोगको निम्ति याचना गरिरहेका थिए तर जीवित मान्छेहरूलाई यस कुराको उति परवाह भएजस्तो लाग्दैनथ्यो ।

नजिकै 'कुइँ . . . कुइँ . . .' आवाज सुनेँ । हेरेको त एउटा कुकुरको छाउरो अङ्गभङ्ग भएर बाँचेको रहेछ । केही क्षणमै दुई चारवटा कुकुरहरू जम्मा भए अनि त्यस घाइते छाउरोलाई सुरक्षित स्थानतर्फ घिसारे ।

मभित्रको जिजीविषा अनायासै बिउँतेर आयो । सहयोगको निम्ति हात पसारेँ तर सहयोग गर्न कोही आएनन् । सबै धन सम्पत्ति र बहुमूल्य सामान ओसार्नमै व्यस्त थिए ।

केही बेरपछि दुईजना मान्छे म भएतर्फ आए । म नजिकै आइपुगेपछि चिने झैं गरेर दुबै मुस्कुराए । मैले सहयोगको पूर्ण भरोसाले दुबै हात उनीहरूतर्फ बढाएँ । ती दुबैले मेरा हात समातेर एकसाथ मेरा हातका घडी र औंठी थुते अनि हेर्दै नहेरी अन्यत्र लागे ।

त्यसपछिको दृश्य हेर्न मैले आवश्यक नै ठानिन र जवरजस्ती आँखा बन्द गरेँ ।

-l-

## पलायन

'हेल्लो . . . रश्मी हो ?'

'हजुर . . . ।'

'मैले पैसा पठाइदिएको थिएँ, पायौ ?'

'पाएँ . . . ।'

'अबको हप्ताह दिनभित्र म पनि घर आउँदै छु । भन, तिमीलाई के ल्याइदिउँ ?'

'मलाई केही पर्दैन । हजुर आफै आउनू ।'

त्यसको ठीक हप्ताह दिनपछि ऊ नेपाल आइपुग्यो । काठमाडौंको सामान्य किनमेलपछि रत्ति बियाँलो नगरी घरतिर लाग्यो ऊ । गाउँको चौतारीमा पुगेपछि केही क्षण बिसायो ।

'केही पर्दैन, हजुर आफै आउनू ।' श्रीमतीको यो वाक्य उसको हृदयमा गुञ्जियो र सारा अङ्ग प्रत्यङ्गसम्म फैलिएर उसलाई कुत्कुती लगाइदियो । एक्लै मुस्कुराउँदै घरतर्फ हानियो ऊ ।

'यतिका वर्षपछि भेट हुँदैछ । देख्ने बित्तिकै रश्मीले कस्तो प्रतिक्रिया जनाउँछे होला? के भनेर बोल्न सुरू गर्छे होला ?' यस्तै कल्पनामा डुब्दा-डुब्दै ऊ घर पुग्यो । घरको मूल ढोकामा लागेको ताला देखेर केही हच्कियो ऊ ।

'गाउँघरतिर गएकी पनि त हुन सक्छे ।' आफैले आफैलाई सान्त्वना दिने प्रयत्न गर्‍यो उसले ।

त्यसपछि एक-दुई जना गर्दै क्रमशः गाउँलेहरू जम्मा भए ।

'भर्खर आउँदै गर्‍या तँ ?' माथ्लाघरे ठूला बाले सोधे ।

'हजुर . . .' ढोगिदिँदै बोल्यो ऊ ।

'ठूला बा, रश्मी कता लागिछ ?' उसको बोलीमा याचना थियो ।

'हेर बाबु, अस्तिको दिन मात्र हो, घरको सिरीखुरी कुम्ल्याएर डाँडाघरे काइँलासित हिंडी । त्यस्ता वाइफालेको खोजी नगर अब ।' ठूलाबाको बोलीमा आक्रोस थियो ।

'आफू दुःख गरेर भए पनि खुरूखुरू पैसा पठाइदिएकै थिए । केही दुःख थिएन । कुकुरलाई घिउ नपचेको ।' भीडबाट एउटाले भन्यो ।

'. . . . . . . . . . . . . .'

'. . . . . . . . . . . . . .'

त्यसपछिका यस्ता क्रिया-प्रतिक्रिया केही सुनेन उसले । एउटा झोला टिपेर ऊ जसरी आएको थियो, त्यसरी नै फर्कियो । उपस्थित गाउँलेहरूका नजरले विस्मित भावमा उसैलाई पछ्याइरहे तर ऊ भने एक पटक पनि पछाडि नफर्की गाउँलेहरूका नजरबाट ओझेल पऱ्यो ।

-l-

## स्वभाव

गाउँको बीचमा एउटा ठूलो बरको रूख थियो । त्यस रूखमा सुगा, मैना, रूपी, ढुकुर, लाटोकोसेरो, काग, चिबे आदि चराहरू वर्षौंदेखि बस्दै आएका थिए । भिन्न-भिन्न जातिका चराहरू भए पनि वर्षौंदेखि सहवास गर्दै आएका कारण उनीहरूबीच अति राम्रो आपसी मेलमिलाप थियो । दिउँसो उनीहरू चारो खोज्न टाढा टाढासम्म जान्थे । साँझ पख फिर्थे । आ-आफ्ना बचेराहरूलाई चारो खुवाउँथे । त्यसपछि हाँगामा, पातमा, हाँगाको कापमा, टोड्कामा रहेका आ-आफ्ना गुँडमा बसेर दिनभरि आफूहरूले देखेका नयाँ-नयाँ कुराहरू सुनाउँथे र दिनभरिका थकान मेट्दै रात काट्थे ।

एकदिन, साँझपख हुरीबताससँगै असिना पानी पऱ्यो । सबै चराहरूले जसोतसो आ-आफ्ना बचेराहरूलाई जोगाए । केहीबेरपछि हुरी बतास र असिना पानी रोकियो । त्यसपछि केही चराहरूले भत्किएका खज्मजिएका आफ्ना गुँड मिलाए भने केहीले आफ्ना बचेराहरूलाई सजिलो गरी गुँडमा राखे । त्यति नै बेला अकस्मात् एउटा बाज त्यस रूखभित्र प्रवेश गऱ्यो । सबै चराहरू सशङ्कित अनि सतर्क भए । केहीले त तत्कालै त्यसलाई त्यहाँबाट लखेट्ने विचारसमेत गरे । केहीले भने त्यसको गहिरो निरीक्षण गरे । बाज ज्यादै शिथिल थियो । उसको पखेटा अनि शरीरका प्वाँखहरू प्रशस्त मात्रामा खज्मजिएका थिए । असिनाको चुटाइले होला घाइते पनि थियो ।

एक त साँझमा आएको, त्यसमाथि घाइते अवस्थामा । त्यसैले सबै चराहरूले त्यो दिन बाजलाई त्यही वास दिए । सबैले आ-आफ्ना भागबाट काटेर चारो पनि खुवाए ।

भोलिपल्ट पनि त्यो बाज कतै गएन । दिनभरि झोक्राइरह्यो । साँझमा फेरि सबै चराहरूले उसलाई चारो खुवाए अनि आफूहरूसँगै राखे ।

दिनहरू वित्दै जाँदा चराहरूको सेवा शुश्रुषा पाएर बाज पनि क्रमशः तङ्ग्रिदै गयो र अन्य चराहरूसँग घुलमिल हुन थाल्यो । हुँदा-हँदा बाजले सबै चराहरूको विश्वास पनि जित्दै गयो । त्यसैले अरू चराहरूले बाजलाई पनि आफ्नो समूहको सदस्य झैं प्यारो गरेर सधैंको लागि त्यही राख्ने निधो गरे ।

एक विहान, सदा झैँ सबै चराहरू सबेरै ब्युँझे । बाज पनि ब्युँझ्यो । केही क्षणको सरसल्लाहपछि सबै चराहरू चारोको खोजीमा निस्के । त्यसपछि रूखमा सन्नाटा छायो । बाजले पनि आङ तन्कायो, मुन्टो हल्लायो, पखेटा फट्काऱ्यो र एक फन्को बरको रूख वरपर घुमेर पुनः बरको रूखमै बस्यो । अब त ऊ पूर्ण रूपमा तङ्ग्रिसकेको थियो, स्वस्थ भैसकेको थियो । त्यसैले ऊ लुसुक्क एउटा गुँडमा पस्यो र सबैभन्दा गतिलो बचेरा टिप्यो । अनि कैंयौ दिनदेखिको मासु खाने आफ्नो तृष्णा मेटायो र खुला आकाशतिर बेग हान्यो ।

-l-

## अन्तर्वार्ता

पहिलो नम्बरमै आफ्नो नाम निस्किंदा मैले मेरो योग्यताको वास्तविक मूल्याङ्कन भएको ठानेँ । त्यसैले म अन्तर्वार्ताको लागि विशेष उत्साहित थिएँ ।

ढोका ठेल्दै म भित्र पसेँ । भित्र एकजना भलादमी झैँ देखिने मान्छे मेचमा बसेको थियो । शायद त्यस कार्यालयको प्रमुख हुनुपर्छ । नमस्कार गरेँ । नमस्कार फर्काउँदै उसले आफ्नो सामुन्नेको मेचमा बस्न मलाई आग्रह गऱ्यो ।

'बहिनीको शुभ नाम ?'

'सिर्जना उप्रेती ।'

'आहा ! मान्छे जस्तै नाम पनि कति सुन्दर ।'

धन्यवाद पनि दिऊँ कि नदिऊँको दोधारमा परेँ म । किनकि उसको प्रशंसा त्यति प्रासङ्गिक थिएन ।

'कपाल पनि कस्तो सिल्की, कुन स्याम्पु प्रयोग गर्नुहुन्छ ?'

यो प्रशंसा अनि प्रश्न दुबै निको लागेन मलाई ।

'यति सुन्दर नङमा गुलावी रङको पालिस असाध्यै सुहाउँछ तपाईंलाई ।' मेरो हात छुन हात लम्काउँदै बोल्यो ऊ । मैले हात हटाएँ ।

'ओहो ! बहिनी त लजालु पो हुनुहुँदोरहेछ । गुड, मलाई यस्तै मान्छे मन पर्छ ।'

बसूँ कि जाऊँ भयो मलाई ।

'किन नबोलेकी ? केही त बोल न ।' मेरो चिउँडो आफ्नो हातले उठाउँदै बोल्यो ऊ । मैले उसको हात पन्छाउन खोजेँ । तर उसले मेरा दुबै पाखुरामा यसरी समात्यो कि म हलचल नै गर्न सकिन । यतिञ्जेलसम्ममा उसले आफ्नो वास्तविक स्वरूप धारण गरिसकेको थियो । त्यसैले मलाई बलजफ्ती आफ्नो छातीमा गाँज्दै गर्ज्यो ऊ, तँ बाघको पञ्जामा परिसकेकी छेस् । कतिञ्जेल हलचल गर्छेस् ?' मैले हिम्मत हारिन । होसियारीपूर्वक बल लगाएर दाहिने घुँडाले उसको मर्मस्थलमा बजारेँ । अस्पष्ट चित्कारसँगै डल्लो परेर ऊ भूइँमा घोप्टियो । अघिसम्म बाघ झैं गर्जिने उसको अनुहार क्षणमै निन्याउरो र टीठलाग्दो देखियो । त्यसपछि म ढोका खोलेर फटाफट बाहिरिएँ ।

-ſ-

# प्रमुख सन्दर्भग्रन्थसूची


'अश्क', गोपाल, सम्पा. **लघुकथाः प्रक्रिया र पाठ**, ललितपुर, साझा प्रकाशन, २०६५ ।

कसजू, विनयकुमार, सम्पा. **प्रतिनिधि नेपाली लघुकथाहरु**, काठमाडौं, विवेक सिर्जनशील प्रकाशन, २०६५ ।

पोखरेल, ईश्वरीप्रसाद, **नेपाली लघुकथाको परम्परा**, त्रि.वि. अप्रकाशित शोधपत्र, नेपाली केन्द्रीय विभाग कीर्तिपुर, २०६० ।

'यात्री', कृष्ण शाह, **आणविक अस्त्र**, काठमाडौं, विवेक सिर्जनशील प्रकाशन, २०६४ ।

समीर, रवीन्द्र, **पोस्टमार्टम**, काठमाडौं, दीपा पाण्डे, २०६२ ।

सुवेदी, राजेन्द्र, **सिर्जनात्मक लेखनः सिद्धान्त र विश्लेषण**, काठमाडौं, पाठ्यसामाग्री पसल, २०५७ ।

**पत्रपत्रिका**

**मधुपर्क**, लघुकथा विशेषाङ्क (वर्ष-३२, अङ्क-४, पूर्णाङ्क-३६२, २०५६ भदौ) ।

**समकालीन साहित्य**, नेपाली कथा समालोचना विशेषाङ्क-२, (वर्ष-१२, अङ्क-४, पूर्णाङ्क-४६, २०५९ साउन-असोज) ।

**शृङ्खला**, (वर्ष-३२, अङ्क-१, २०६६ वैशाख) ।